# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० | अंक १७६ | काठमाडौं | सोमबार, २९ असोज २०८० | Prabhab National Daily | Monday, October 16, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# शेखरले कोशीमा मुख्यमन्त्री पाउँदा गगनसँग 'खटपट'



पार्टीलाई माओवादीकरण गर्न दिन्नौं, यसो भन्दै गर्दा एमालेकरण गर्न पनि दिइन्नँ
■ गगन थापा
महामन्त्री



संस्थागत निर्णय नगरी हामी कसैले पनि आवेगमा कुनै निर्णय लिनुहुन्न । सल्लाहले 'डिभोर्स' गर्न मिल्छ, तर घरायसी ठाकठुकमा छिमेकितिर लहसिनु हुन्न
■ विश्वप्रकाश शर्मा
महामन्त्री



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेस संस्थापनइतरका नेता डा. शेखर कोइराला कोशीमा आफूनिकट नेतालाई मुख्यमन्त्री बनाउन सफल भएका छन् । शेखरले कांग्रेसमा विद्रोह गरेरै आफूनिकट नेता केदार कार्कीलाई मुख्यमन्त्री बनाउँदा आफ्नै समूहका महामन्त्री गगन थापा भने रुष्ट सुनिएका छन् ।

आफूसँग कुनै सल्लाहविनै कोइरालाले कोशीमा निर्णय लिएकोप्रति कटाक्ष गर्दै गगनले शनिबार गोरखामा पार्टीलाई एमालेकरण गर्न नदिने दाबी गरेका थिए । 'पार्टीलाई माओवादीकरण गर्न दिन्नौं, यसो भन्दै गर्दा एमालेकरण गर्न पनि दिइन्न,' गोरखा पुगेर गगनले भने । १४औं महाधिवेशनमा एकै समूहबाट संस्थापन पक्षविरुद्ध उभिएका शेखर–गगनको यो पहिलो 'टसल' भने हैन ।

संसदीय दलको निर्वाचनमा गगनको दाबीपछि असन्तुष्ट बनेका शेखर विस्तारै उनीसँग टाढिन थालेका थिए । संघको मन्त्रिपरिषद् विस्तारमा शेखरले असन्तुष्टि पोखिहाले । आफूनिकटकोमात्र नाम पठाएर शेखर सुटुक्क सिंगापुर उडे । (**बाँकी पृष्ठ २ मा**)

## संघमा एमाले–कांग्रेस सत्ता सहकार्य सम्भव होला ?

कोशीमा एमाले–कांग्रेसको सत्ता सहकार्यलाई विभिन्न कोणबाट हेरिन थालिएको छ । कोही यो घटनाले कांग्रेसभित्र फुट निम्त्याउने बताउँछन् भने कोही एमाले र कांग्रेसबीचको सत्ता सहकार्यको सुरुआत । यो बीचमा दुई दलबीचमात्र सहमति हुँदा सत्तारुढ गठबन्धनका अरु नेताहरूले खासै मुख खोलेका छैनन् ।

एमाले र कांग्रेसबीचको सत्ता सहकार्य बेलाबेला चर्चा चले पनि यो सम्भव हुन सकेको छैन । एमाले उपाध्यक्ष सुरेन्द्र पाण्डेले अबको दुई महिनामै एमाले र कांग्रेसबीच संघमा सत्ता सहकार्य हुने दाबी गरेका छन् । 'कोशीले के संकेत गर्छ भने अहिलेको सरकार दुई महिनामा बदलिएर नयाँ राजनीतिक समीकरणमा जान्छ,' आइतबार एमालेको रामेछाप काठमाडौं सम्पर्क मञ्चको कार्यक्रममा पाण्डेले भने, 'मंसिरभित्रमा, यो सरकारको आयु दुई महिना राखिदिए हुन्छ । त्यसपछिको स्थिति नयाँ ढंगले जाने छ । मैले केही सूचना, केही तथ्य र केही विश्लेषणको आधारमा भनिरहेको छु । त्यसै सुनेको भरमा भनेको छैन ।' गठबन्धनभित्रकै खटपट पनि राजनीतिक समीकरण बदलिने उनको दाबी थियो ।

प्रधानमन्त्री दाहालले भने यो गठबन्धन पाँच वर्ष नै टिक्ने दाबी दोहोऱ्याएका छन् । 'एकथरी मान्छे यो गठबन्धनभित्र खेल्न सकिन्छ कि भनेर योजनाअन्तर्गत ती काम भएका थिए । हिजो भएको सहमतिले त्यो षडयन्त्रलाई निस्तेज पारिएको छ । यो गठबन्धन अब पाँच वर्ष टिक्छ,' आइतबार चितवनमा आयोजित कार्यक्रममा दाहालले भने ।

# इजरायलमा निधन भएकामध्ये पाँच नेपालीको शव प्राप्त

■ प्रभाव संवाददाता

हमास समूहको आक्रमणमा परी निधन भएकामध्ये नारायणप्रसाद न्यौपाने, लोकेन्द्रसिंह धामी, गणेशकुमार नेपाली, दीपेशराज विष्ट र अशिष चौधरीको शव आइतबार प्राप्त भएको इजरायलस्थित नेपाली राजदूतावासद्वारा जानकारी

**काठमाडौं–** इजरायलमा प्यालेस्टाइनी लडाकु समूह हमासको आक्रमणमा परी निधन भएका १० जना नेपाली विद्यार्थीमध्ये पाँच जनाको शव भेटिएको छ ।

गत शनिबार दक्षिणी इजरायलको सेडोट नेगेब एग्रिकल्चर सेन्टरअन्तर्गत किब्बुट्ज अलुमिममा प्रशिक्षणरत रहेकै बखत हमास समूहको आक्रमणमा परी उनीहरूको निधन भएको थियो । इजरायलको तेल अभिभस्थित नेपाली राजदूतावासका अनुसार निधन भएकामध्ये नारायणप्रसाद न्यौपाने, लोकेन्द्रसिंह धामी, गणेशकुमार नेपाली, दीपेशराज विष्ट र अशिष चौधरीको शव आइतबार प्राप्त भएको हो ।

उक्त घटनामा परी निधन भएका अन्य शव प्राप्त हुने क्रममा रहेको दूतावासले आइतबार विज्ञप्तिमार्फत जानकारी दिएको छ । प्राप्त शव ढिला नगरी नेपाल पठाउन आवश्यक समन्वय भइरहेको र उपलब्ध संयन्त्रको प्रयोग गरी सम्पर्कविहीन रहेका विपिन जोशीको खोजी अझै तीव्र पारिएको विज्ञप्तिमा उल्लेख छ ।



**नारायणप्रकाश साउद**
परराष्ट्रमन्त्री

'इजरायलमा बेपत्ता नेपालीको खोजी गर्न कूटनीतिक पहल गरिरहेका छौं'

(अन्तर्वार्ता– पृष्ठ ४ मा)

आक्रमणमा परी घाइते भएका चार जनामध्ये दुईजना अस्पतालबाट डिस्चार्ज भएका छन् भने दुईजना अस्पतालमा उपचाररत छन् । अस्पतालबाट डिस्चार्ज भएकामध्ये एक जना नेपाल आइपुगिसकेका र एकजना दूतावासको हेरचाहमा रहेका छन् ।

इजरायलको द्वन्द्वग्रस्त क्षेत्रमा जोखिममा रहेका नेपालीहरूलाई त्यहाँबाट उद्धार गरी सुरक्षित स्थानमा सारिसकिएको दूतावासले जनाएको छ । सरकारले उद्धार गरिएकामध्ये २५४ जनालाई नेपाल एयरलाइन्सको चार्टर्ड विमानमार्फत गत शुक्रबार नेपाल ल्याइसकेको छ । बाँकी नेपाल फर्कन चाहनेलाई व्यावसायिक उडानमार्फत आउने व्यवस्था गरिएको परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले बताएका छन् । उनले व्यावसायिक उडानमार्फत आउनेको हवाई भाडा सरकारले बेहोर्नेसमेत जानकारी दिए । इजरायलस्थित नेपाली दूतावासका अनुसार नेपाल फर्कनका लागि अनलाइन फाराम भर्नेको संख्या हाल करिब २०० पुगेको छ ।

**सन्दर्भ : वैदेशिक रोजगार**

## थ्री ब्रदर्स म्यानपावरको बदमासी

# तलब माग्दा कामदारलाई पठाइयो जेल

■ मोहनप्रसाद पन्त

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि विदेश जाने कामदारलाई रोजगारदातासँग मिलेर एउटा म्यानपावर कम्पनीले कतिसम्म दुःख र यातना दिन्छ भन्ने दृष्टान्त बनेको छ, थ्री ब्रदर्स ह्युमन रिसोर्स प्रालि । उक्त म्यानपावरले एक वर्षअघि रोजगारीका लागि कतार पठाएका कामदारलाई सामान्य मानवीय व्यवहारसमेत नगरी रोजगारदाता कम्पनीसँग मिलेर उनीहरूलाई पारिश्रमिक (तलब) दिलाउनुको साटो जेल पठाएको रहस्य खुलेको छ ।

काठमाडौंको बत्तीसपुतलीमा रहेको थ्री ब्रदर्स म्यानपावरले कतारको रजान हस्पिटालिटी सर्भिस एण्ड क्लिनिङ (सफाइ) कम्पनीमा क्लिनिङसम्बन्धी काम गर्न भनी एक वर्षअघि नेपालबाट कामदार पठाएको थियो । मासिक तलब एक हजार कतारी रियाल, खाना खर्च ३०० रियाल र बस्ने सुविधा कम्पनीले निःशुल्क उपलब्ध गराउने करार सम्झौता गरी नुवाकोटका कोशिस लामासहित छ जनालाई कतार उडाएको म्यानपावरले अन्ततः उनीहरूको सपना पनि उडाइदियो । सम्झौता अनुसार कामदारले न काम पाए, न तलब सुविधा नै । उनीहरूले पाएको भनेको जेल सजाय, मानसिक तनाव, आर्थिक क्षति र कठोर सर्तसहितको स्वदेश फिर्ती ।

काम गर्न कतार पुगेका कामदारले उक्त क्लिनिङ कम्पनी आफैंले रोजगारी दिने नभई कामदार सप्लाइ गर्ने कम्पनी रहेको बताए । उनीहरूका अनुसार उक्त कम्पनीले कतारभित्र ठेक्कामा कामदार बिक्री गर्ने र कामदारको तलब सेवा सुविधा आफ्नो कम्पनीमार्फत दिने रहेछ । सप्लाइ कम्पनीले आफैं रोजगारी दिने नभई अन्य कम्पनीलाई कामदार आपूर्ति गर्ने गर्दछ । पीडित कामदारहरू आफूले खेपेको दुःख, हैरानी र जेल सजायको कारण यतिखेर म्यानपावरलाई कारबाही र क्षतिपूर्तिको माग राख्दै वैदेशिक रोजगार विभाग धाइरहेका छन् । पीडितहरूको भनाइमा म्यानपावर कम्पनीले कामदारको भलाइ तथा उद्धार गर्नुभन्दा पनि रोजगारदातासँग मिलेर तलबलगायतका सेवासुविधाबाट वञ्चित गर्ने र पुनः कतार जानै नपाउने अवस्था सिर्जना गराई अन्याय गरेको छ ।

### यसरी पुऱ्याइयो कामदारलाई जेलसम्म

स्वदेश फर्किएका कामदारहरूले बताएअनुसार कम्पनीमा क्लिनिङको कामबाहेक अरु काम गर्नु नपर्ने, तलब प्रतिमहिना एक हजार रियाल र खानाबापत ३०० रियाल पाइने, बस्ने व्यवस्था निःशुल्क हुने भन्दै म्यानपावरले प्रतिव्यक्ति एक लाख ५० हजार रूपैयाँ लिएर कतार पठाएको थियो । सोहीअनुरूप कामदार र रोजगारदाता कम्पनीबीच करार सम्झौतासमेत भयो । श्रम स्वीकृति लिएर रोजगारीका लागि कतार पुगेका उनीहरूलाई सम्झौता अनुसारको काममा नलगाई पाँच महिनासम्म होटलमा वेटरको काम गर्न लगाइयो । त्यसपश्चात कन्ट्रक्सनको काममा लगाइयो ।

सुरुको पाँच महिनासम्म सम्झौता अनुसारको तलब पाए पनि त्यसपछि तलब नदिई कामदारलाई दुःख हैरानी दिन सुरु भयो । कम्पनीसँग तलब माग्दा दिन्छु भने पनि विनातलब भोकभोकै काम गर्नुपर्ने अवस्था आयो । कम्पनीले तलब दिन्छु भन्दै टार्दै गएपछि कामदारले नेपालस्थित थ्री ब्रदर्स म्यानपावरका सञ्चालक बुद्धिराज तिमल्सिना र एजेण्टलाई बारम्बार विदेशमा तलब नपाउँदा खाना खानसमेत समस्या भएकोले तलब दिलाइदिन पटक–पटक अनुरोध गर्दा कुनै सुनुवाइ हुन सकेन । साह्रै समस्या परेपछि कामदारहरूले कतारको लेबर कोर्ट (श्रम अदालत)मा गई तलब र नेपाल फर्किन प्लेन टिकटको माग गरी उजुरी गरे ।

अदालतले १५ सेप्टेम्बर २०२३ मा सूचना गरी १६ सेप्टेम्बर २०२३ मा कम्पनी मालिक र कामदार दुवै पक्षलाई उपस्थित हुन सूचित गऱ्यो । कामदारहरूले अदालतमा गई उजुरी गरेको थाहा पाएपछि कतारको रोजगारदाता कम्पनीको मालिक र नेपालबाट म्यानपावरका सञ्चालकले कामदारहरूलाई 'लेबर कोर्टमा नजानू, तलब बैंक खातामा हालिदिन्छौं' भन्ने आश्वसन दिए ।

(**बाँकी पृष्ठ २ मा**)


## हार्दिक मंगलमय शुभकामना

विजयादशमी, शुभ दीपावली, छठ पर्व २०८० को उपलक्ष्यमा समस्त नेपाली तथा शुभचिन्तकहरूमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।

विजयादशमी, शुभ दीपावली, छठ पर्व २०८० को उपलक्ष्यमा समस्त नेपाली तथा शुभचिन्तकहरूमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
सुविधा ग्याँसका उत्पादक
मारुति ग्याँस उद्योग प्रा. लि.
सोनापुर, सुनसरी ।

विजयादशमी, शुभ दीपावली, छठ पर्व २०८० को उपलक्ष्यमा समस्त नेपाली तथा शुभचिन्तकहरूमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
प्रिन्सिपल तथा अरनिको कलेज परिवार
विराटनगर– १० ।

विजयादशमी, शुभ दीपावली, छठ पर्व २०८० को उपलक्ष्यमा समस्त नेपाली तथा शुभचिन्तकहरूमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
प्रिन्सिपल तथा मेरिल्याण्ड कलेज परिवार रंगेली रोड,
विराटनगर ।

विजयादशमी, शुभ दीपावली, छठ पर्व २०८० को उपलक्ष्यमा समस्त नेपाली तथा शुभचिन्तकहरूमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
कोशी ग्याँस उद्योग प्रा. लि.
हात्तिमुढा, बुढीगंगा गाउँपालिका,
मोरङ ।

विजयादशमी, शुभ दीपावली, छठ पर्व २०८० को उपलक्ष्यमा समस्त नेपाली तथा शुभचिन्तकहरूमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
देवकीनन्दन शर्मा
अध्यक्ष
विराटनगर भन्सार एजेण्ट संघ, मोरङ ।

सतर्क रहौं, सुरक्षित रहौं ।
भौतिक दुरी कायम गरौं ।
स्वास्थ्य सतर्कता अपनाएर चाडपर्व मनाऔं ।
डा. चन्द्रभाल यादव
मेडिकल सुपरिण्टेण्डेण्ट
कोशी अस्पताल विराटनगर ।

विजयादशमी, शुभ दीपावली, छठ पर्व २०८० को उपलक्ष्यमा समस्त नेपाली तथा शुभचिन्तकहरूमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।




पुण्य भट्टराई,
अध्यक्ष, नाटा, कोशी प्रदेश
तथा होटल एशियाटिक परिवार,
विराटनगर ।

राजन श्रेष्ठ,
कोशी प्रदेश संयोजक, हान
तथा होटल स्वागतम परिवार,
विराटनगर ।

टिकाराम पुरी,
प्रिन्सिपल
एभरेष्ट कलेज एवम् एभरेष्ट सेकेण्डरी स्कुल, विराटनगर ५ ।

जे बी ट्रान्सपोर्ट,
विराटनगर ।

विद्युत चोरी गर्नु कानुनी तथा सामाजिक अपराध हो ।
विद्युत महसुल समय मै भुक्तानी गरौं ।
विजयादशमी, शुभ दीपावली, तिहार एवम् छठ पर्व २०८० को उपलक्ष्यमा समस्त ग्राहक तथा शुभचिन्तकहरुमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ,
विराटनगर ।
नेपाल विद्युत प्राधिकरण, विराटनगर वितरण केन्द्र,
विराटनगर ।

रोशन खड्का,
होटल मनास्लु इन
विराटनगर ४ ।

सुयश प्याकुरेल,
प्रबन्ध निर्देशक
एम एम प्लाष्टिक, विराटनगर ।

जिन्दल हार्डवेयर एण्ड मार्बल,
हनुमानदास रोड विराटनगर ।

महेश मिश्र, अध्यक्ष एवम्,
निर्माण व्यवसायी संघ मोरङ परिवार,
विराटनगर ।

रमेश कुमार मिश्र
प्राचार्य
डि.ए.भि. स्कुल विराटनगर एवम् विद्यालय परिवार ।

सुशिल श्रेष्ठ,
कार्यालय प्रमुख
पूर्वाधार विकास कार्यालय मोरङ ।

करेण्ट चाउचाउका उत्पादक,
यशोदा फुड्स प्रा. लि.,
बुटवल, रुपन्देही ।

अध्यक्ष दुर्गा बहादुर बस्नेत,
महासचिव रूद्र कार्की
एवम् कोशी पेट्रोलियम डिलर्स एशोसिएशन परिवार विराटनगर ।

पशुपति खाद्य तेल उद्योग प्रा. लि.
विराटनगर
तथा सम्पूर्ण उद्योग परिवार ।

hilife
SHOES & SLIPPERS
हाईलाइफ शुज एण्ड स्लिपर्स,
विराटनगर ।

अटल क्लिनिक एण्ड प्याथ ल्याब प्रा. लि.
विराटनगर –७, मोरङ ।



एन. जी. ईलेक्ट्रिकल
प्रा. लि.
विराटनगर ।

देशबन्धु ढकाल,
उपाध्यक्ष एवम् प्रवक्ता
नेपाल औषधी व्यवसायी संघ
मोरङ ।

## शेखरले कोशीमा...

पृष्ठ १ बाट जारी

यता मन्त्रिपरिषद् विस्तारमा धनराज गुरुङ, डिगबहादुर लिम्बूको शपथपछिमात्र गगनले थाहा पाए । उक्त विषयमा आफूले सिंगापुर उड्नुअघि फोन नगरेकोमा गल्ती भएको शेखर बताउँछन् । 'हतारमा नाम बुझाएर सिंगापुरतिर लागे, गगनजीलाई जानकारी नदिनु मेरो मिस्टेक हो । तर, दुवैको नाम फाइनल सहमतिमै भएको हो,' एक अनौपचारिक छलफलका क्रममा डा. शेखरले भने ।

पछिल्लोपटक पार्टी सभापति शेरबहादुर देउवाले पुनः एकलौटीपन देखाउन थालेपछि असोजको केन्द्रीय समितिमा भने शेखरले संयुक्त रूपमा प्रस्तुत हुन गगनको खोजी गरे । सरकारमा कांग्रेसको प्रस्तुति कमजोर भएको भन्दै असोज ४ गते सुरु भएको केन्द्रीय समितिमा असन्तुष्टि पोख्ने निर्णय गऱ्यो शेखर समूहले । यसमा गगनको पनि सहमति थियो । तर केन्द्रीय समितिमा तयारी गरिएजस्तो पार्टी सभापति शेरबहादुर देउवाविरुद्ध संस्थापनइतर आक्रामक बनेन ।

### संस्थागत नभई आवेगको निर्णय : विश्वप्रकाश

कोशी घटनाले शेखर-गगनमा फेरि खटपट देखिने भएको छ । जुन असन्तुष्टि गगनले गोरखामा पोखिसकेका छन् । संसदीय दलको नेतामा गगनलाई साथ दिएका अर्का महामन्त्री विश्वप्रकाश शर्माले पनि शेखरको कदमको विरोध गरेका छन् । शर्माले सधैं यही गठबन्धन बोकिरहन जरुरी नभएको र पार्टीभित्र संस्थागत निर्णय गरेर 'डिभोर्स' गर्न मिल्ने भन्दै नेतृत्वसामु घुर्की देखाएका हुन् ।

कोशीमा विकसित राजनीतिक घटनाक्रमबारे आइतबार सार्वजनिक रूपमा धारणा राख्दै शर्माले संस्थागत निर्णय नगरी आवेगमा कुनै निर्णय लिन नहुने उल्लेख गरेका छन् । 'यो गठबन्धन छोडेर अर्को गठबन्धन उचित हुन्छ भन्ने लाग्छ भने संस्थागत छलफल गरौं । सधैं यो बोकिरहनुपर्छ, जरुरी छैन । तर संस्थागत निर्णय नगरी हामी कसैले पनि आवेगमा कुनै निर्णय लिनुहुन्न । सल्लाहले 'डिभोर्स' गर्न मिल्छ, तर घरायसी ठाकठुकमा छिमेकतिर लहसिनु हुन्न । पुस १० पनि नबिर्षौं,' शर्माले सामाजिक सञ्जाल एक्समा लेखेका छन् ।

उनले कोशी घटनालाई डढेलो बन्न नदिन संयम र परिपक्वता आवश्यक रहेको उल्लेख गरेका छन् । गणितीय जटिलता र पहिचान आन्दोलन सम्बोधन गर्न दुवै महामन्त्रीले एमालेसहित गठबन्धन गर्न पहिले नै प्रस्ताव गरेको स्मरणसमेत उनले स्टाटसमा दाबी गरेका छन् । 'गणितीय जटिलता अनि पहिचानको आन्दोलन सम्बोधन गर्नुपर्ने आवश्यकता दृष्टिगत गरेर दुवै महामन्त्रीको प्रस्ताव थियो, 'कोशीमा एमालेसहितको समाधान खोजौं, तर मौजुदा गठबन्धन कायमै राखेर,' शर्माले लेखेका छन् ।

उनले पार्टीको संस्थागत निर्णय भने सबैले मान्नुपर्ने उल्लेख गर्दै थप लेखेका छन्, 'कांग्रेस, माओवादी र एकीकृत समाजवादीको गठबन्धन संसद् विघटनविरुद्ध बनेर गत चुनावबाट अनुमोदित भएको हो । कांग्रेसको संस्थागत निर्णय पनि यही हो । पुस १० मा टुटेपछि विश्वासको मत नदिन र प्रतिपक्षमा बस्न दुवै महामन्त्री उभियौं तर पार्टीको संस्थागत निर्णय मान्यौं,' शर्माले शेखरलाई सम्झाएका छन् ।

कोशीको मुख्यमन्त्री उम्मेदवार चयन गर्दा सभापति देउवा र नेता कोइराला दुवैले संस्थागत प्रक्रिया नअपनाएकोमा शर्माको असन्तुष्टि छ । 'व्यक्ति चयनमा संस्थागत प्रक्रिया न सभापतिले अपनाउनुभयो, न फरक विचार समूहको नेताले आफ्नै समूहभित्र (साझा मत) खोज्नुभयो । थोरै फरक, करिब उस्तै शैलीले पार्टीको हित हुन्न । जमाना बदलिएको छ, अब तपाईंहरू बदलिनुस् । हामी बदलिन तयार छौं । पार्टीको हित तपाईं हामी बदलिनुमा सन्निहित छ,' शर्माले लेखेका छन् ।

कोशीमा सत्तागठबन्धनले माओवादीका इन्द्र आङ्बोलाई मुख्यमन्त्रीमा समर्थन गरेको थियो । तर नेता शेखर कोइराला पक्षका कोशीका कांग्रेस सांसदले यो निर्णय अस्वीकार गर्दै केदार कार्कीलाई मुख्यमन्त्रीमा अघि बढाएका थिए । नेकपा एमालेका ३९ र शेखर कोइराला पक्षका आठ सांसदको समर्थनमा कांग्रेसका कार्की कोशीमा मुख्यमन्त्री नियुक्त भएका थिए ।

### देउवाको निर्देशन भएन पालना

कोशीमा भएको घटनाक्रमपछि प्रधानमन्त्री पुष्पकमल दाहाल, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेता शेखर कोइरालाबीच 'गठबन्धन बलियो बनाउने' सहमति भोलिपल्टै तोडिएको छ । दाहाल, देउवा र कोइरालाले शनिबार बिहान बालुवाटारमा 'गठबन्धनलाई कमजोर हुन नदिने' सहमति गरेका थिए । आइतबार दिउँसो कोशीमा मन्त्रिपरिषद गठन गर्दा मुख्यमन्त्री कार्कीले गठबन्धनमा नरहेको नेकपा एमालेका नेतालाई मन्त्री बनाएसँगै सहमति तोडिएको हो ।

मुख्यमन्त्री कार्कीले कांग्रेसका शमशेर राई र एमालेका रामबहादुर राना मगरलाई विनाविभागीय मन्त्री बनाएर शपथ खुवाएका छन् । 'हामी वर्तमान सत्ता गठबन्धनप्रति दृढ र स्पष्ट छौं । यो गठबन्धनलाई कुनै पनि हालतमा कमजोर हुन दिने छैनौं,' शनिबार तीन शीर्ष नेताबीच भएको सहमतिमा भनिएको छ ।

गठबन्धनले कोशीमा मुख्यमन्त्रीका लागि माओवादी कोशी प्रदेश संसदीय दलका नेता इन्द्र आङ्बोलाई उम्मेदवार बनाइएको थियो । कोशीमा मुख्यमन्त्री बनेका कार्की शेखरनिकट हुन् । कार्कीलाई मुख्यमन्त्री बनाउन कांग्रेसका २९ सांसदमध्ये आठ र एमालेका ४० मध्ये ३९ जनाले हस्ताक्षर गरेका थिए । कार्की मुख्यमन्त्रीमा नियुक्त भएपछि शनिबार नै काठमाडौं आइपुगेर एमाले अध्यक्ष केपी शर्मा ओली, कांग्रेस सभापति देउवासँग भेटेका थिए । आइतबार बिहान ८ बजेमात्र कार्की विराटनगरका लागि काठमाडौंबाट उडेका थिए । कसलाई मन्त्री बनाउने भन्ने विषय टुंगो नलागेपछि २ बजे शपथको कार्यक्रम तोकिएकोमा ढिला गरीमात्र शपथग्रहण भयो ।

मन्त्रिपरिषद् विस्तार गर्दा एमालेबाट मन्त्री नबनाउन कांग्रेस सभापति देउवाले निर्देशन समेत दिएका थिए । कार्कीले प्रारम्भिक चरणमा मन्त्रिपरिषद् बनाउँदा निर्देशनलाई पालना गरेनन् ।

# दसैं घरमा राखियो जमरा

**काठमाडौं, (प्रस)–** हनुमानढोकास्थित दसैं घरमा विधिपूर्वक जमरा राखिएको छ । नवरात्रको पहिलो दिन आइतबार नेपाल पञ्चांग निर्णायक विकास समितिले उपलब्ध गराएको उत्तम साइत बिहान ११ बजेर २९ मिनेटमा घटस्थापना गरिएको हो ।



विधिपूर्वक घट अर्थात् घडा स्थापना गरी त्यही घडामाथि शक्तिस्वरूपा दुर्गाको पूजा आराधना गरिने भएकाले यसका दिनलाई घटस्थापना भन्ने गरिन्छ । आइतबार स्थापना गरिएको पूर्ण कलशको जलले अभिषेक गर्नाका साथै विजया दशमीका दिनमा दुर्गा देवीको प्रसाद ग्रहण गर्ने प्रचलन छ ।

दुर्गा देवीका तीनवटा रूप महाकाली, महालक्ष्मी र महासरस्वतीको नवरात्रभर विधिपूर्वक आह्वान गरी पूजा आराधना गरिन्छ । महाकालीलाई शक्तिको, महालक्ष्मीलाई धनधान्य तथा ऐश्वर्यको र महासरस्वतीलाई विद्या तथा बुद्धिको प्रतीकका रूपमा पूजा आराधना गर्ने वैदिक परम्परा छ ।

भगवती दुर्गाले दैत्यमाथि तथा रामले रावणमाथि विजय गरेको उत्सवका रूपमा नवदुर्गाको पूजा गरिँदै आइएको दसैं घरका पूजारी सागर खरेलले बताए । जमरा छरेपछि व्यक्तिमा सुख, शान्ति प्राप्त हुने तथा रोगव्याधी भाग्ने जनविश्वास र शास्त्रीय मान्यता रहेको उनको भनाइ छ ।

राष्ट्रको कल्याण होस् जनता सुख, शान्ति र समृद्धिमा रहुन्, उन्नति प्रगति हुँदै जाओस् भन्ने हेतुले जमरा राखिएको पूजारी खरेलले बताए । हनुमानढोकास्थित दसैंघरमा जमरा राखेपछि सर्वसाधारणले पनि घरघरमा घटस्थापना गर्ने परम्परा छ ।

बडादसैंको पहिलो दिन आइतबार घरका पूजा कोठा र दसैंघरमा विधिपूर्वक दियो, कलश एवं गणेश स्थापनासहित चण्डी(सप्तशती) पाठ गरिन्छ । पूजा कोठा वा दसैं घरमा वैदिक विधिपूर्वक शक्तिकी अधिष्ठात्री देवी दुर्गाको आह्वान गरी पूजा आरम्भ हुन्छ । नजिकैको नदी वा चोखोस्थलबाट बालुवा वा माटो ल्याई गाईको गोबरले लितपोत गरिएको पूजा कोठा अथवा दसैं घरमा विधिपूर्पक माटो राखेर त्यसमाथि यव अर्थात् जौ रोपिन्छ । यसलाई जमरा राख्ने पनि भनिन्छ ।

यव अंकुर दुर्गा देवीको प्रिय वस्तु भएकाले यस दिन यव रोपण गरी दुर्गालाई चढाएर विजयादशमीको दिन टीका प्रसादसँगै समृद्धिको प्रतीकस्वरूप पहेँलो जमरा लगाइन्छ । नवरात्रको पहिलो दिन घटस्थापनामा शैलपुत्री भगवतीको पूजा गरिन्छ । दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्रि, आठौं दिन महागौरी, र नवौं दिन सिद्धिदात्री देवीको पूजा आराधना गरिन्छ । यिनै नौवटा दुर्गाका रूपलाई नवदुर्गा पनि भन्ने गरिन्छ । आसुरी एवं राक्षसी प्रवृत्तिबाट मानवलाई जोगाएकाले समस्त मानव जातिले नै दुर्गादेवीको पूजा तथा आराधना गर्ने शास्त्रीय नियम छ ।

## तलब माग्दा...

पृष्ठ १ बाट जारी

सोहीअनुरूप कम्पनी मालिकले बैंक खातामा तलब हालिदिएको जानकारी दिए । तलब निकाल्न कम्पनीबाट कामदारहरू बैंकतर्फ जाँदै गर्दा कम्पनीबाट भागेको भन्ने बहाना बनाई मालिकले प्रहरी बोलाई पक्राउ गर्न लगाएर जेलमा पुऱ्याए । प्रहरीको कब्जामा परेपछि अदालतले बोलाएको छलफलमा जान पाएनन् । रोजगारीका लागि गएकाहरू थुनामा परेका खबर पाएपछि आफन्तले उनीहरूको उद्धार तथा राहतका लागि सम्बन्धित निकायमा उजुरी गरे । कतारस्थित नेपाली राजदूतावासको समन्वयमा स्वदेश फर्किन पाएको पीडितमध्येका एकले बताए । 'कतारस्थित नेपाली दूतावासको पहलमा कतार प्रहरीले हामीलाई हिरासत मुक्त गर्दै पुनः कतार फर्कन नपाउनेगरी प्लेन टिकट काटेर नेपाल पठाइदियो,' उनले भने, 'हामीले काम गरेको तलब त परै जाओस् त्यहाँ बस्दाको आफ्नो सामान र लगेजसमेत ल्याउन पाइएन ।'

स्वदेश फर्किएपछि पीडितहरूले वैदेशिक रोजगार विभागमा म्यानपावरमाथि कारबाही गर्नुपर्ने माग राख्दै तलब र क्षतिपूर्ति दिलाइदिन आग्रहसहित उजुरी गरेको बताएका छन् । विभागले पीडितहरूको गुनासो र उजुरीको आधारमा आवश्यक अनुसन्धान भइरहेको जनाएको छ । म्यानपावर दोषी देखिए वैदेशिक रोजगार ऐन, २०६४ अन्तर्गत कारबाहीको प्रक्रिया अघि बढाइने विभागका एक अधिकारीले बताए ।


**मोटरसाइकल हराएको सूचना**

हुलास फिन सर्भे लि को नामबाट ऋणी श्री भक्त बहादुर तामाङ नाममा रहेको । निम्न ब्योहोरा रहेको मोटर साइकल मिति २०८०/०५/११ गते धुनिवेशी न.पा वडा नं. ०१ धादिङ स्थित घरमा पार्किङबाट रातीको १२:०० बजेतिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

प्रकार – Pulsar-150CC
बाई नं. बाग्मती प्रदेश -०२-०४० प ४६१२
चेसिस नं. MD2A11CXONPB16696
इन्जिन नं. DHXRNB82107
रङ्ग – Black, Red
सम्पर्क – 9761888390



**मण्डनदेउपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
महादेवस्थान, काभ्रे
बागमती प्रदेश, नेपाल
फोन नं.०१-१४१२११४

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८०/०६/२९)

यस नगरपालिकाको मिति २०८०/०५/०७ को सूचना बमोजिम मण्डनदेउपुर नगरपालिकाभित्र रहेको तपसिल बमोजिमको योजनाहरुको निर्माण कार्यको लागि अनलाइन मार्फत प्राप्त बोलपत्रहरूको प्राविधिक प्रस्ताव मिति २०८०।०६।०८ र आर्थिक प्रस्ताव मिति २०८०/०६/२५ गते खोलिएकोमा उक्त बोलपत्रहरुको प्राविधिक र आर्थिक प्रस्ताव मूल्याङ्कन गरी मूल्याङ्कन समितिले प्रक्रियागत रूपमा पेश गरेको प्रतिवेदन अनुसार सारभूत रुपमा प्रभावग्राही रहेको र न्यूनतम रकम कबोल गर्नेलाई छनोट गर्ने हुँदा तपसिल बमोजिम बोलपत्रदाता छनोट भएको ले सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२७) को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलदाताहरूलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | कार्य नं. | योजना को नाम | छनौट भएको बोलपत्र दाताको नाम/ठेगाना | कबोल अंक (भ्याटसहित) |
|---|---|---|---|---|
| १. | (01/Works/NCB/MDM/080/81) | FEDI CHANDENI CHAP AAPGHARI SADAK | Himalayan Cross-Mahakali JV, Kavre | रु.२,२९,११,३८७०० (दुई करोड उनन्तीस लाख एघार हजार तीन सय सत्तासी रूपैयाँ मात्र) |
| २. | (02/Works/NCB/MDM/080/81) | NAGARKOT NALDUM SADAK | Amarjyoti Construction Pvt. Ltd, Kavre | रु.२,४४,८५,७६३।१७ (दुई करोड चवालिस लाख पचासी हजार सात सय त्रिसठी रूपैयाँ सत्र पैसा मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**
**मण्डनदेउपुर नगरपालिका**


## आजको राशिफल




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com


असोज २९ गते २०८०, सोमबार

| | |
|---|---|
| **मेष** | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **वृष** | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **मिथुन** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **कर्कट** | स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा असर पर्नसक्छ |
| **सिंह** | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **कन्या** | परोपकारमा रुचि बढ्नेछ । |
| **तुला** | कूटनीतिक नियोगको सहयोग मिल्ला । |
| **वृश्चिक** | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| **धनु** | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| **मकर** | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| **कुम्भ** | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ |
| **मीन** | अरुले आलोचना पनि गर्न सक्छन् । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ४२५५५४०/४२५५५४१<br>६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असोज २९ गते, २०८०, १६ ओक्टोबर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.९० | १३३.५० |
| युरो | १ को | १४१.१४ | १४१.७८ |
| पाउन्ड स्टिर्लङ | १ को | १६३.४१ | १६४.१४ |
| स्विस फ्रेन्क | १ को | १४७.७० | १४८.३७ |
| अस्ट्रेलियन डलर | १ को | ८५.१२ | ८५.५१ |
| क्यानाडियन डलर | १ को | ९७.७५ | ९८.१९ |
| सिंगापुर डलर | १ को | ९७.५५ | ९७.९९ |
| जापानी येन | १० को | ८.९१ | ८.९५ |
| चिनियाँ युआन | १ को | १८.२१ | १८.२९ |
| साउदी अरब रियाल | १ को | ३५.४३ | ३५.५९ |
| कतारी रियाल | १ को | ३६.४४ | ३६.६० |
| थाई भाट | १ को | ३.६८ | ३.६९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.१८ | ३६.३५ |
| मलेसियन रिङेट | १ को | २८.२० | २८.३३ |
| दक्षिण कोरियन वन | १०० को | ९.९४ | ९.९९ |
| स्विडिस क्रोनर | १ को | १२.२२ | १२.२७ |
| डेनिस क्रोनर | १ को | १८.९३ | १९.०१ |
| हङकङ डलर | १ को | १६.९९ | १७.०७ |
| कुवेती दिनार | १ को | ४२९.९६ | ४३१.९० |
| बहराइन दिनार | १ को | ३५२.५१ | ३५४.१० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।




**दसैं मनाउन घर फर्किंदै** | घोराहीमा अध्ययनरत विद्यार्थी दसैं, तिहार मनाउन घोराहीबाट प्यूठान घर फर्किंदै ।

*तस्बिरः कुलदीप न्यौपाने/रासस*

# चाडपर्व सुरक्षा : सशस्त्रका २९ हजार जनशक्ति खटिए

**काठमाडौं–** दसैंलगायत चाडपर्वका लागि सशस्त्र प्रहरी बलका २९ हजार जनशक्तिले सीमानाकालगायत क्षेत्रमा सुरक्षा दिन थालेका छन् । 'चाडपर्व विशेष सुरक्षा योजना' तयार पारी लागू गर्दै यसपालि चाडपर्वका समयमा २९ हजार जनशक्ति परिचालन गरी निगरानी थालिएको सशस्त्र प्रहरीका प्रवक्ता तथा वरिष्ठ प्रहरी उपरीक्षक राजेन्द्र खड्काले जानकारी दिए ।

उनका अनुसार २९ हजार १५४ सशस्त्र प्रहरी कर्मचारी सुरक्षा योजनाअन्तर्गत परिचालित भएका छन् । यस्तै तत्कालै खटाउन सक्ने गरी करिब तीन हजार सशस्त्र प्रहरी कर्मचारी रिजर्भ फोर्सका रूपमा तयारी अवस्थामा राखिएको छ ।

यसपालिको चाडपर्वको समयमा सीमावर्ती इलाका तथा अन्य स्थानमा नागरिकको सेवा, सुरक्षा र उद्धारको सुरक्षा योजनाअन्तर्गत आइतबारदेखि नै सशस्त्र प्रहरी परिचालित भएका छन् । देशभरका सशस्त्र प्रहरी बल एकाइले सीमा इलाकामा नागरिकको सुरक्षित एवं सहज आवगमनको व्यवस्था मिलाउनाका साथै आपत्विपत्मा परेका नागरिकको उद्धार कार्यमा सहयोग पुऱ्याउन भारत र चीनतर्फका सुरक्षाकर्मीसँगको समन्वय र सहकार्यमा १२५ स्थानमा हेल्प डेस्क (नागरिक सहायता कक्ष) र ३३ स्थानमा हेल्थ डेस्क (नागरिक स्वास्थ्य सहायता कक्ष) स्थापना गरी निगरानी बढाएको छ ।

झापाको पूर्वी नाकास्थित काँकडभिट्टाको मेची पुल इलाकामा अवैध हातहतियार, विष्फोटक पदार्थ र लागुऔषध पहिचान गर्नसक्ने तालिम प्राप्त कुकुरसमेत परिचालन गरिएको जनाइएको छ । दसैं, तिहार, छठ तथा अन्य चाडपर्वमा हुनसक्ने आपराधिक क्रियाकलाप रोकथाम एवं नियन्त्रण गर्न सशस्त्र प्रहरीको गस्ती, पट्रोल, चेक प्वाइन्टमा खटिनुका साथै मुख्य राजमार्गमा हुनसक्ने घटनालगायत दुर्घटना न्यूनीकरण तथा दुर्घटना भएमा समयमै उद्धार गर्न ५३ स्थानमा एम्बुलेन्ससहितको आइआरटी टोली परिचालित हुने सशस्त्र प्रहरीले जनाएको छ ।

प्राकृतिक तथा मानवसिर्जित विपद्को अवस्थामा तत्काल परिचालन हुनसक्ने गरी सशस्त्र प्रहरीले धनकुटाको मूलघाट, बाराको निजगढ, धादिङको आदमघाट, म्याग्दीको बेनी, दाङको भालुवाङ, सुर्खेतको चिप्ले, डडेलधुराको अमरगढी र सिन्धुलीको खुर्कोट गरी आठ ठाउँमा स्थापना गरिएको विपद् व्यवस्थापन बेसमा आवश्यक स्रोत साधनसहित तालिम प्राप्त जनशक्ति तयारी हालतमा राखिएको जनाइएको छ ।

स्वास्थ्यकर्मीसहित सुविधा सम्पन्न आठवटा एम्बुलेन्स र ठूलो दुर्घटना घटेको समयमा एकैपटक घाइतेलाई अस्पतालसम्म लैजान सकिने गरी मास क्याजुअल्टी भेइकल (एमसिबी)समेत सातै प्रदेश र उपत्यकामा तयारी हालतमा राखिएको छ । सो योजनाअन्तर्गत ५६३ स्थानमा पैदल गस्ती, ३६६ स्थानमा मोबाइल गस्ती, ३७ स्थानमा एलआरपी (लामो दूरीको गस्ती), २०९ स्थानमा क्युआरटी र ३७३ स्थानमा चेकप्वाइन्ट तथा पिकेट डयुटीमा सशस्त्र प्रहरी कर्मचारी तैनाथ गरिएको छ ।

उक्त डयुटीको अनुगमन सशस्त्र प्रहरी प्रधान कार्यालयबाट हुनेछ भने राजधानी लक्षित सुरक्षा योजनाको संवेदनशीलतालाई मध्यनजर गर्दै उपत्यकाका विभिन्न स्थानमा पाँचवटा अनुगमन टोलीसमेत परिचालन हुने योजना रहेको छ । *रासस*

## दसैंमा यातायातको सहज प्रबन्ध गर्न निर्देशन

**काठमाडौं (प्रस)–** संसद्को राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले दसैंमा आफ्नो घर तथा दसैंको तयारीका लागि विभिन्न ठाउँमा जानुपर्ने यात्रुका लागि यातायातको सहज व्यवस्था गर्न सम्बद्ध निकायलाई निर्देशन दिएका छन् ।

सभापति खतिवडाले आइतबार भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला, प्रहरी महानिरीक्षक, यातायात व्यवस्था विभागका महानिर्देशक, उपत्यका ट्राफिक प्रहरी प्रमुखलगायतलाई यातायातको सहज एवं सुलभ प्रबन्ध मिलाउन निर्देशन दिएका हुन् ।

दसैंको समयमा घर जान लागिरहेका नागरिकले बसको टिकट नपाउने या टिकट लिन समस्या हुने, बाटोमा यातायातको समस्या हुने, यातायातका लागि महँगोमा टिकट खरिद गर्नुपर्ने, रुटलगायतका गुनासो आउने गरेकाले अहिल्यैदेखि यातायातको उचित र सुलभ प्रबन्ध गर्न उनले निर्देशन दिएका हुन् ।

उनले सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय र छलफल गरी तत्कालका लागि दसैं र त्यसपछि तिहार र छठ पर्वसम्मकै लागि यातायातको योजना बनाउन र सो व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरी नागरिकलाई सुशासनको अनुभूति दिन निर्देशन दिएका हुन् ।

दसैं, तिहार र छठ पर्वमा गाउँ फर्कने र गाउँबाट सहर आउने यात्रुहरूका लागि यातायातका सवारी साधन, सडक तथा ट्राफिक व्यवस्थापनमा ध्यान दिन र यसका लागि आवश्यक अन्य कार्यालयसँग पनि प्रभावकारी समन्वय गर्न पनि उनले निर्देशन दिए ।

## नवरात्र आरम्भसँगै पाथीभरामा भक्तजनको घुइँचो

**ताप्लेजुङ–** नवरात्र आरम्भ भएसँगै ताप्लेजुङस्थित प्रसिद्ध तीर्थस्थल पाथीभरा मन्दिरमा भक्तजनको आगमन सुरु भएको छ । हरेक वर्ष नवरात्रभर यहाँ भक्तजनको घुइँचो लाग्ने गर्दछ ।

वार्षिक लाखौंको संख्यामा स्वदेशी तथा विदेशी भक्तजन आउने यस मन्दिरमा विशेष गरी वडादसैंको समयमा सबै भन्दा धेरै भक्तजन आउने गरेका छन् । नवरात्रको पहिलो दिन आइतबार सयौंको संख्यामा भक्तजन मन्दिर पुगेका पाथीभरा क्षेत्र विकास समितिले जनाएको छ ।

यस क्षेत्रका होटलहरू दर्शनार्थीले खचाखच बनेको फेदीका होटल व्यवसायी इन्द्रनारायण भट्टराईले बताए । पाथीभरा देवीले भक्तजनको मनोकामना पूरा गर्ने जनविश्वास रहिआएको छ । समुद्री सतहबाट तीन हजार ७९४ मिटरको उचाइमा पर्ने यस मन्दिरको दर्शनसँगै उच्च हिमशृंखलाको दृष्यावलोकनका लागि देश विदेशबाट धार्मिक पर्यटक आउने गरेका छन् ।

नवरात्रका समयमा देवीको पूजाआरधना गर्न उपयुक्त हुने तथा यो समयमा मौसम पनि खुल्ने भएकाले हरेक वर्ष दसैंमा भक्तजनको घुइँचो लाग्ने गरेको भट्टराईको भनाइ थियो ।

पाथीभरा दर्शनको समय सुरु भएसँगै दर्शनार्थीको सहजताका लागि आवश्यक व्यवस्थापन गरिएको प्रमुख जिल्ला अधिकारी गोमादेवी चेम्जोङले बताइन् । प्रशासन कार्यालयमा बसेको बैठकले तीर्थयात्रीको आगमनलाई व्यवस्थित गर्न सरोकारवाला निकायसँग समन्वय गर्ने सहमति भएको उनले जानकारी दिइन् ।

पाथीभरा क्षेत्रमा सहज यातायात, आवास, सुरक्षा, भीडभाडलगायत समस्या समाधानका लागि सबैले आ–आफ्नो क्षेत्रबाट जिम्मेवारीपूर्वक काम गर्ने प्रतिबद्धता जनाएका चेम्जोङको भनाइ थियो । सहज यातायातका लागि मन्दिर क्षेत्रका सडकलाई स्तरोन्नति गर्ने काम भइरहेको समितिले जनाएको छ । *रासस*


## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस Career International Services (P) Ltd. (ई.प.नं.६४६/०६३/०६४)मा **मणिभक्त पुन** (ना.प्र.नं. १७(०१५)/१०५) ले यस प्रा. लि. मा Liaison / PR Officer पदमा काम गर्दै आउनु भएको र निजको व्यक्तिगत काम विशेषको कारण यस संस्थाबाट हटाईएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले **७ (सात)** दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

License No. : 646/063/064

**Career International Services (P.) Ltd.**
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३
Email : info@career-intl.com, Website : www.career-intl.com


## Barekot Rural Municipality
### Office of Rural Municipal Executive
Limsa, Jajarkot
Karnali Province, Nepal

## INVITATION FOR SEALED QUOTATION

***Date Of Publication: 2080/06/29 (Oct-16-2023)***

Barekot Rural Municipality, Office of Rural Municipal Executive, Limsa, Jajarkot invites bid for supply and delivery for following works:

| S.N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Esimated Amount With VAT (NRs.) | Bid Bond Amount | Non-Refundable Fee for Bid Document Purchase (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | BRM/SQ/ GOODS/ 080/081-01 | The Procurment of supply and delivery Construction of Goods (External constructon material) for Sepukhola River Trainning Work Barekot-08 | 45 days | 7,42,207.00 | 18,600.00 | 1000.00 | |
| 2 | BRM/SQ/ GOODS/ 080/081-02 | The Procurment of supply and delivery Construction of Goods (External constructon material) for Gagra Khola Canal Maintenance Work Barekot-03 | 45 days | 13,88,219.95 | 34,700.00 | 1000.00 | |
| 3 | BRM/SQ/ GOODS/ 080/081-03 | The Procurment of supply and delivery Construction of Goods (External constructon material) for Karkijiula to ward office Road Maintenance Work Barekot-06 | 45 days | 12,72,228.50 | 31,900.00 | 1000.00 | |
| 4 | BRM/SQ/ GOODS/ 080/081-04 | The Procurment of supply and delivery Construction of Goods (External constructon material) for Siyaka Khola Road Maintenance Work Barekot-07 | 45 days | 11,29,150.62 | 28,300.00 | 1000.00 | |
| 5 | BRM/SQ/ GOODS/ 080/081-05 | The Procurment of supply and delivery Construction of Goods (External constructon material) for Limsa-Kujekhola- Rokayagaun Road Maintenance Work Barekot-02 | 45 days | 18,76,142.17 | 47,000.00 | 1000.00 | |

**Further Information to bidders;**

| | |
|---|---|
| **Last date and time of Bid Submission** | 2080/07/14 ( Oct-31-2023 ) ( upto 12:00 Noon ) |
| **Date, Time and Place of Bid Opening** | 2080/07/14 ( Oct-31-2023 ); at 2:00 PM, At Barekot Rural Municipality Office, Limsa, Jajarkot |
| **Bid Security Validity Period** | 30 Days beyond bid validity period |
| **Account No. for Bid Document Purchase** | Agriculture Development Bank, Limsa, Jajarkot, AC. Name Barekot Rural Municipality aantarik Rajaswa Khata 0726401548097091 |
| **Account No. for Bid Security Deposit** | The Bidder shall furnish a bid security, from commercial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR **Agriculture Development Bank**, Limsa Branch, Account Number : 0726401548097030 |

1. Bidders shall submit their Bids e-copy only . For E-bidding visit PPMO's e-procurement web portal ***http: bolpatra.gov.np/egp*** and for other additional information please contact Barekot Rural Municipality Office, Limsa, Jajarkot Contact No: 9846114557
2. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## उद्धारमा सरकारको तदारुकता

**इजरायलमा हमासको आक्रमणमा परी अत्तलिएका नेपालीलाई सरकारले सहज रूपमा उद्धार गरेको छ । विकसित देशहरू उद्धारका लागि पुग्ने क्रम अझै बाँकी छँदा नेपालले भने अरु देशभन्दा पहिले नै आफ्नो देशका नागरिकलाई स्वदेश ल्याउन थालेको हो। सरकारको पहलमा परराष्ट्रमन्त्री नारायणप्रकाश साउदसहितको टोली शुक्रबार २५४ नेपाली लिएर काठमाडौं फर्केको हो।**

**प्यालेस्टाइनी विद्रोही समूह हमासको आक्रमणमा परी १० नेपालीको ज्यान गएको छ भने एक जना अझै बेपत्ता छन्। यो घटनामा इजरायल पक्षमा नै एक हजार ४०० जनाको मृत्यु भएको र केही अझै हमास समूहको कब्जामा रहेको बताइएको छ । यता इजरायलले गरेको जवाफी कारबाहीमा परी दुई हजार बढी प्यालेस्टाइनीको मृत्यु भएको बताइएको छ।**

**वैदेशिक रोजगारी र पढाइका क्रममा इजरायलमा पुगेका नेपाली युद्धमा फस्ने भएपछि जनस्तरबाट उनीहरूको उद्धार हुनुपर्ने माग राखेका थिए । इजरायलमै रहेका विद्यार्थीहरूले पनि आफूहरूलाई उद्धार गर्न अनुरोध गरेका थिए । लगत्तै सरकारले चार्टर जहाज लगेर विद्यार्थीको उद्धार गरेको हो।**

**इजरायलमा जुनसुकै बेला जेसुकै हुनसक्छ। गाजा क्षेत्रमा इजरायलले आक्रमण बढाउँदा इरानले जे पनि हुन सक्ने धम्की दिएको छ । गाजा क्षेत्रमा इजरायलले कब्जा गर्न खोजिरहेको छ । इरानले यो क्षेत्र इजरायलले लिए जेसुकै हुनसक्ने धम्की दिएको हो। इरान इस्लामिक देशको पक्षमा उभिएको देश हो। यस्तो अवस्थामा थप नेपालीहरू स्वदेश फर्कन चाहिरहेका छन् । उनीहरूलाई उद्धारमा कुनै कसूर बाँकी नराख्ने सरकारले जनाएको छ। यो बीचमा सरकारले ज्यान गुमाएका शव पनि ल्याँउदै छ।**

**सरकारी तथ्यांकअनुसार इजरायलमा चार हजार ५०० जना नेपाली केयर गिभर छन्। विभिन्न बाटोबाट पुगेका नेपालीहरू पनि छन्। पछिल्लो घटनाक्रमलाई मध्यनजर गर्दै सरकारले इजरायलको श्रम स्वीकृति बन्द गरेको छ। जुनसुकै देशमा पुग्दा पनि नेपाली श्रमिकहरू जोखिमको सिकार भइरहेका छन् । मुस्लिम–इस्लाम द्वन्द्वका कारण नेपालले पटक–पटक आफ्नो नागरिकलाई गुमाउनुपरिरहेको छ। यस्तो अवस्थामा इजरायलको श्रम स्वीकृति बन्द गरिनु निकै जायज देखिन्छ । यसरी नै यस्तो गम्भीर अवस्थामा इजरायलबाट सरकारले नेपाली विद्यार्थी र रोजगारीको सिलसिलामा त्यहाँ पुगेकाहरूको उद्धार गर्नु स्वागतयोग्य कदम हो।**

## मननयोग्य

### चाणक्य नीति

एउटा ठूलो उद्देश्यमा समर्पित विष्णुगुप्तले राजा पुरुको कैकेय देश नन्द प्रवेश गरी उनीसँग भेट गरे। राजाले विष्णुगुप्तको चर्चा सुनेका थिए। विष्णुगुप्तका स्वागत गरे।' मैले बुझिसकेको थिए सिकन्दरको अबको लक्ष्य कैकेयमा पर्छ पुरुने विश्वास दिलाए, पञ्चनदका बालक मातृभूमिका लागि आफ्नो प्राण अर्पण गर्न तत्पर छन् विष्णुगुप्तले धेरै कूटनीतिक र सामरिक महत्त्वका तौरतरिकाका कुराहरू पुरुलाई बताएर आफू अगाडि बढे।

विष्णुगुप्तलाई थाहा भयो अब सिकन्दर कैकेय प्रवेश गरेर झेलम र चितारबीचको कैकेय देश जित्ने इच्छा गर्दै अघि बढ्दैछ, जहाँका राजा पुरु जसलाई पोरस भनिन्छ छन्।

मातृभूमिको यस्तो दुर्दशा देखेर आमाका सपूत चाणक्यका हृदयमा हाहाकार मच्चियो । आम्भीजस्तो विश्वासघाती, महानन्दजस्तो बिलासी व्यक्तिलाई राजकाजबाट पर अलग्याएर राजा बनेको खण्डमा मात्र यस्तो आशा गर्न सकिन्छ यहाँ विश्वासघाती आम्भी विलासी महानन्दजस्ता गुजाबाट केही हुँदैन भारत वर्ष टुक्रा-टुक्रामा बाँडिएको छ, जसले सिकन्दरसँग टक्कर लिन खोज्छ, उसका सेनाको अगाडि कोही पनि टिक्न सक्दैन। नन्दजस्तो राजाका हातमा राज्य रहन दिनुहुँदैन । उनी बुझ्दथे कि मगध शक्तिसम्पन्न राज्य हो।

त्यहाँ राक्षसजस्तो बुद्धिमान् महामात्य छ, वीरताले मुक्त विशाल सेना छ, तर कसैले पनि पत्यार गर्दैनन्, किन कि नन्दको हातमा मगध सुरक्षित आम्भीजस्तै बनेर नन्दले पनि सिकन्दरको दासता स्वीकार गर्‍यो भने के होला ? यस्तो विचार गर्दै विष्णुगुप्तको मुख रातो-रातो भयो र मुखबाट एक्कासी 'अहँ अहँ चाणक्यले यस्तो हुन दिदैन' भन्ने बोली निस्कियो' मातृभूमिको रक्षार्थ सम्पूर्ण ज्ञान र प्राण पनि बलिदान गर्नेछ।'

म पहिले राजा पुरुलाई भेटेर मात्र पाइला चाल्छु । कैकेय देशलाई सतर्क पार्नुपर्छ सिकन्दर अगाडि नबढोस्, चाणक्यले यसरी युक्ति सोचे । यस्तैमा पुनः यात्रा आरम्भ भयो। चाणक्यको पहिलो यात्रा र अहिलेको यात्रामा अन्तर थियो। पहिले निराश्रित, अहिलेको ४५ वर्ष अनुभव प्राप्त लौहपुरुष सिकन्दरलाई र महानन्दजस्ता क्रूर राजालाई जित्न असम्भव लाग्दैनथ्यो । उनीसँग सामार्थ्य, ज्ञान, मातृभूमिको अमिट प्रेम छ र अनि छ एउटा सँगठित भारतवर्ष बनाउने आकांक्षा थियो।

# इजरायलमा बेपत्ता नेपालीको खोजी गर्न कूटनीतिक पहल गरिरहेका छौं



**नारायणप्रकाश साउद**
**परराष्ट्रमन्त्री**

नेपाल सरकारले युद्धकै अवस्थामा रहेको इजरायलबाट २५४ जना नेपाली नागरिकलाई उद्धार गरी बिहीबार स्वदेश फर्काएको छ । मन्त्रिपरिषद्को निर्णयानुसार परराष्ट्रमन्त्री नारायणप्रकाश साउद नेपाली नागरिकलाई उद्धार गर्न नेपाल एयरलाइन्सको चार्टर्ड उडानमार्फत स्वयं इजरायल गएका थिए । यही असोज २० गते इजरायलमाथि प्यालेस्टाइनको हमास समूहले गरेको आक्रमणमा परी १० नेपाली विद्यार्थीले ज्यान गुमाएका थिए भने चार जना घाइते भएका थिए । सोही आक्रमणमा परेका विद्यार्थी विपिन जोशीको अवस्था अझै अज्ञात छ । मन्त्री साउदले जोशीको खोजीका लागि इजरायल सरकार र अन्य मुलुकसँगसमेत कूटनीतिक पहल भइरहेको बताएका छन् । यसै सन्दर्भमा केन्द्रित रहेर ***राससका*** वरिष्ठ समाचारदाता ***भीष्मराज ओझाले*** मन्त्री साउदसँग गरेको कुराकानी:

- पहिलो चरणमा २५४ नेपालीको उद्धार गरेका छौं । अहिले पनि उद्धार जारी नै छ ।
- नेपाल फर्काइएकाबाहेक स्वदेश फर्कन चाहने २०० जनाभन्दा बढीको विवरण प्राप्त भएको छ ।
- व्यावसायिक उडानमार्फत आउने नागरिकको खर्च सरकारले नै बेहोर्छ ।
- बेपत्ता विद्यार्थी विपिन जोशीको खोजी तीव्रता दिइएको छ ।
- हमासको आक्रमणबाट मृत्यु भएका १० जनाको शव ल्याउने प्रयास जारी छ, इजरायल सरकार आफैंले शव नेपाल ल्याएर बुझाउने भनेको छ ।
- इजरायलको घटनाक्रमले स्थगित संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसको भ्रमणका लागि नयाँ मिति प्रस्ताव गरिसक्नुभएको छ ।

**इजरायल घटनाक्रमपछि नेपालीको उद्धारका लागि सरकारले के–कस्ता प्रयास गरिरहेको छ ?**

इजरायलमा प्यालिस्टाइनी हमास समूहको आक्रमणबाट सयौं नागरिकको हताहती भयो । 'लर्न एण्ड अर्न' कार्यक्रममार्फत इजरायल गएका १० जना विद्यार्थीले आक्रमणमा परी ज्यान गुमाएका छन् । घाइते भएका चार नेपाली विद्यार्थीमध्ये एक जना अस्पतालबाट डिस्चार्ज भएर नेपाल आइसकेका छन् भने अन्य उपचाररत छन् । इजरायलमा विद्यार्थीबाहेक करिब चार हजार ५०० नेपाली नागरिक छन् । अधिकांश 'केयर गिभर'मा कार्यरत छन् । हमासको आक्रमणपछि नेपालीहरू त्यहाँ सन्त्रासको वातावरणमा बस्नुपरेको थियो । मुलुकमा संसद्, राजनीतिक दल, नागरिक समाज, र विद्यार्थीका अभिभावकबाट पटक-पटक विभिन्न तहबाट उद्धारका लागि निरन्तर आवाज पनि उठेको थियो । यी सबै कुरालाई दृष्टिगत गरेर नेपालीको उद्धारका लागि प्रधानमन्त्री पुष्पकमल दाहालले मेरो संयोजकत्वमा संयन्त्र बनाई निर्देशन दिनुभएको थियो । संयन्त्रको सिफारिसअनुसार मन्त्रिपरिषद् बैठकले निर्णय गरी नेपालीको उद्धारका लागि विमानसहित म इजरायलको तेल अभिभ गई उद्धारमा जुटेको हुँ। पहिलो चरणमा २५४ नेपालीको उद्धार गरेका छौं। अहिले पनि उद्धार जारी नै छ।

**इजरायलमा नेपालीको पछिल्लो अवस्था कस्तो छ ?**

इजरायलमा आक्रमणपछि उद्धारको पर्खाइमा रहनुभएका २५४ जना नेपाली नागरिकको उद्धार गरी नेपाल एअरलाइन्सको चार्टर्ड उडानमार्फत स्वदेश फर्काइएको छ । नेपाल फर्काइएकाबाहेक स्वदेश फर्कन चाहने २०० जनाभन्दा बढीको विवरण प्राप्त भएको छ। नेपाल फर्कन बाँकी रहेका नेपाली नागरिकलाई पनि क्रमशः फर्कन सहजीकरण गर्ने प्रक्रिया सुरु गरिएको छ । घाइते भई उपचारका क्रममा रहनुभएका चार जनामध्ये डिस्चार्ज हुनुभएका एक जनालाई विमानमार्फत नेपाल ल्याइएको छ। अन्य उपचाररत छन्। बेपत्ता विद्यार्थी जोशीको खोजी तीव्रता दिइएको छ। इजरायलमा रहनुभएका सम्पूर्ण नेपाली नागरिकलाई संयम रहँदै निरन्तर दूतावाससँग समन्वय र सहकार्य गर्न तथा सुरक्षा निकायको निर्देशन पालना गर्न अनुरोध गर्न चाहन्छु।

**निधन भएका विद्यार्थीको शव कहिलेसम्म नेपाल ल्याइन्छ ?**

आक्रमणमा परी निधन भएका १० नेपाली विद्यार्थीको शव सुरक्षित रहेको इजरायली सरकारले स्पष्ट गरिसकेको छ । यसबाहेक एक हजारभन्दा संख्यामा इजरायली नागरिक र अन्य देशका नागरिकको पनि शव छ । त्यती नै संख्यामा आक्रमणकारीको पनि शव छ । तसर्थ ती सबै शवको परीक्षण गरी कानुनी प्रक्रियाअनुसार सम्बन्धित देशलाई हस्तान्तरण गर्ने इजरायल सरकारले जनाएको छ । यस बारेमा इजरायल सरकारले आफू संवेदनशील भएको र आफैं ती शव नेपाल ल्याएर नेपाल सरकारलाई हस्तान्तरण गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । इजरायलका विदेशमन्त्री र यहाँस्थित इजरायली राजदूतसँग भएको संवादमा पनि उहाँहरूले सो कुरा दोहोर्‍याउनुभएको छ । हामी पनि सकेसम्म छिटो शव नेपाल ल्याएर सम्बन्धित परिवारलाई हस्तान्तरण गर्न लागेका थियौं। तर, विभिन्न प्रक्रियाका कारण पहिलो चरणमा त्यो सम्भव भएन।

**बेपत्ता विद्यार्थी विपिन जोशीको खोजीमा सरकारले के गरिरहेको छ ?**

विद्यार्थी विपिन जोशीको हाल वास्तविक स्थिति अज्ञात नै छ । प्रत्यक्षदर्शीका अनुसार विपिन आक्रमणको समय बंकरमा हुनुहुन्थ्यो । आक्रमणकारीले प्रहार गरेको बमलाई हातले टिपेर सुरक्षाका लागि बंकरबाहिर फ्याँक्नुभएको थियो । पछि हमास विद्रोहीले थाई नागरिकसँगै विपिनलाई पनि आफूसँगै लगेका थिए । त्यसपछि उहाँ कुन अवस्थामा कहाँ छन् भन्ने यकीन हुन सकेको छैन । इजरायलभित्रको परिस्थितिमा बारेमा हामीले पटक-पटक विभिन्न चरणमा विभिन्न तहमा इजरायल सरकारलाई खोजीका लागि आग्रह गरिरहेका छौं । साथै, प्रहरी, अस्पताललगायत सम्भाव्य सम्पूर्ण माध्यमबाट उहाँको खोजीलाई अझै तीव्र पारिएको छ । हमासको नियन्त्रणमा हो कि भन्ने आशंकामा हमाससँग सम्बन्ध भएका भनिएका मुलुकसँग कूटनीतिक पहल पनि सुरु गरिसकेका छौं।

**पर्खाइमा रहेका बाँकी नेपालीको उद्धार कहिले र कसरी हुन्छ ?**

उद्धार गर्ने नेपाली नागरिकको संख्या पर्याप्त भयो भने हामी यहाँबाट पुनः चार्टर्ड विमान लगेर भए पनि उद्धार गर्न तयार छौं । तर त्यसो भएन भने पनि व्यावसायिक उडानमार्फत आउने नागरिकको खर्च सरकारले नै बेहोर्ने निर्णय भएको छ । यसबारेमा हामीले सूचना पनि जारी गरेका छौं। स्वदेश फिर्ता गर्नका लागि हामीले त्यहाँस्थित नेपाली दूतावासलाई निर्देशन दिइसकेका छौं।

यसबारेमा संख्या निर्धारण गरेका छैनौं, तर यो निर्णय त्यहाँ रहेको सबै चार हजार ५०० नेपालीको हकमा लागू हुन्छ। तर, मलाई सबै नेपाल अहिले नै आउँछन् जस्तो लाग्दैन। धेरै केयर गिभरका रूपमा गएका नेपाली इजरायली समुदायमा परिवारजस्तै भएर बसेका छन् । त्यहाँको सुरक्षा प्रोटोकलसँग उनीहरू अभ्यस्त पनि भइसकेको हुनाले उनीहरू हतार गरेर फर्कलान जस्तो मलाई लाग्दैन।

**काम र अध्ययनका लागि लाखौं नेपाली विदेश गएको अवस्थामा यो घटनाबाट के पाठ सिक्न सकिन्छ ?**

विदेशमा हामीले कानुनीरूपमा र सुरक्षितरूपमा पठाएका नागरिकमाथि पनि सांघातिक आक्रमण भएको यस घटनाले हामीलाई पाठ सिकाएको छ। कामदारलाई द्विपक्षीय सरकारको सहमतिमार्फत पठाउँदा सामाजिक सुरक्षा धेरै हुन्छ र कामदार सम्झौता गरेर पठाउनुपर्छ भन्ने हो । वास्तवमा रोजगारको अवस्था, सीप र जनशक्तिको अवस्था, श्रम सुविधा सबै निश्चित गरेर मात्र पठाउनुपर्छ भन्ने हामीले भन्दै आएका छौं। सरकारले निश्चित मापदण्ड निर्धारण नगरी तथा सरकार संलग्न नभई विदेश पठाउन हुँदैन भनेर हामीले केही दिनअघि मात्र प्रधानमन्त्रीको अध्यक्षतामा श्रम गन्तव्य भएका १० देशका राजदूत, दुई उपप्रधानमन्त्री, परराष्ट्रमन्त्री, श्रममन्त्री अन्य सरोकारवालासहितको बैठकमा सो विषयमा छलफल गरेका थियौं। यस विषयमा हामी सहयोग गर्न तयार छौं।

**इजरायलमा हाल रहेका नेपालीलाई केही सन्देश छ ?**

इजरायलमा हाल बाँकी रहेका नेपाली नागरिकलाई धैर्य धारण गर्न आग्रह गर्दछु। नेपाली दूतावासमा स्थानीय कर्मचारीलाई भर्ना गरेर भए पनि उपयुक्त जनशक्ति र संयन्त्र बनाउँदै छौं । आवश्यक सहयोगका लागि इजरायल सरकारले सहयोग गर्ने वचनबद्धता पनि व्यक्त गरेको छ। यस बीचमा सबै नेपालीलाई सुरक्षा प्रोटोकल आत्मसात् गरेर बस्न आग्रह गर्दै फिर्ता गर्नका लागि सहजीकरण गरिरहेको अवगत गराउन चाहन्छु । यसमा आत्तिने कुरा छैन।

**इजरायल घटनापछि संयुक्त राष्ट्रसंघका महासचिवको नेपाल भ्रमण स्थगित भयो, अब कहिले हुन्छ ?**

इजरायलको घटनाक्रमले दुई महत्त्वपूर्ण भ्रमण स्थगित भएका छन्। संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेस यही १३ अक्टोबरदेखि नेपाल भ्रमणमा आउने तालिका थियो। जुन केही हप्ताका लागि सरेको छ । उहाँहरूले नयाँ मिति प्रस्ताव गरिसक्नुभएको छ। यस सम्बन्धमा यकीन भएपछि हामी चाँडै भ्रमण तालिका सार्वजनिक गर्छौं । नयाँ मितिको भ्रमणका लागि पनि हामीले गृहकार्य गरिरहेका छौं।

इजरायल घटनासँगै प्रधानमन्त्री दाहाललाई आमन्त्रण गरिएको १७ अक्टोबरमा कतारमा हुने एसिया डाइलग फोरममा प्रधानमन्त्रीको प्रतिनिधित्व गरी मैले जाने भ्रमण तय भएको थियो । यही घटनाका कारण उक्त भ्रमण पनि हाल स्थगित गरिएको छ।

**अन्त्यमा केही भन्न चाहनुहुन्छ ?**

सम्पूर्ण देशबासीलाई देशबाहिर भएको यो गम्भीर परिस्थितिमा धैर्यता र संयमता अपनाउन आग्रह गर्दछु। राजनीतिक दलले पनि यस्ता घटनाको कुनै पनि हालतले राजनीतिकरण गर्न हुँदैन । कमी कमजोरी सरकारको तर्फबाट या अन्य निकायबाट पनि भएको हुन सक्छ तर त्यसबारेमा छलफल गर्ने अन्य उपयुक्त मञ्च र समय पनि हुन्छ। त्यसैमा गर्दा राम्रो हुन्छ। तर, विपद् र संकटका बेला हामी एक भएर त्यसको सामना गर्ने नेपालीको विशिष्ट परम्परा छ। यसका लागि म सबै राजनीतिक दल र समुदायलाई आग्रह गर्दछु।

## पत्र–मञ्जुषा

# यात्रामा पाइलैपिच्छे ठगिँदै यात्रु

हिन्दूहरूको महान् चाड दसैं दैलोमा छ । दसैं लागेसँगै सबैलाई आफ्नो थातथलो जानकै हतारो छ। आफ्नो जिल्ला छोडेर अन्त बसेका मात्रै होइन, विदेशबाट समेत नेपाली दसैं मान्नका लागि मुलुक फर्किएका छन्। रोजगारी, पेसा व्यवसाय, पढाइको सिलसिलामा काठमाडौं उपत्यका र जिल्लाको सदरमुकाममा बस्दै आएका आमनागरिकहरू पनि धमाधम फर्किरहेका छन्।

पैसा हुनेहरू प्लेनको टिकट काटेर घर फर्किएका छन् । जहाजको भाडा तिर्न नसक्नेहरू बसको धक्काधक्की खाएर घर गइरहेका छन्। तर पनि एक हजार रूपैयाँ भाडा तोकिएको बाटोमा पाँच हजार रूपैयाँ तिर्नुपर्ने बाध्यता छ । कतिपय सर्वसाधारण ट्याक्सी र निजी प्लेटका सवारीसाधन रिजर्भ गरेर पनि गाउँ गइरहेका छन्। दसैं भएकाले चालकले जति भन्यो त्यति भाडा तिर्न बाध्य छन्, सर्वसाधारण।

लामो रुटमा चल्ने सवारीसाधन वा हवाई कम्पनीले दसैंको मौका छोपेर ठग्नु नौलो कुरा होइन। विगतदेखि चलेको ठग्ने क्रम जारी नै छ। दसैं लागेसँगै सबैभन्दा धेरै भ्याइनभ्याइ हुने यातायात व्यवसायीलाई हो । झन् ट्याक्सीको आवश्यकता धेरै हुन्छ । कोठाबाट एयरपोर्टसम्म जान पनि ट्याक्सी, बस स्टपसम्म जान पनि ट्याक्सी । हातमा टन्न झोला हुन्छ अनि ट्याक्सी नचढिकन त सुखै छैन।

अहिले पठाओ पनि सञ्चालनमा छ । तर, पठाओको पनि मनोमानी चलेको छ। एक जना भए त पठाओमा गए पनि हुन्छ । पठाओ रातो प्लेटमा दर्ता भएकाले सरकारले यसको भाडादर कायम गरेको छैन। कुनैले ३६ त कुनैले २६ रूपैयाँ प्रतिकिलोमिटरको दरमा पठाओ चलाइरहेका छन्। पठाओमार्फत ट्याक्सी बुक गर्‍यो भने सुरुमै १७७ रूपैयाँ तिर्नुपर्छ। यो त सेवा शुल्कमात्रै हो।

जबकि सरकारले फ्ल्याक डाउनबापत ५० रूपैयाँ तोकेको छ । यता, पठाओ ट्याक्सीको भाडादर पनि सरकारले तोकेअनुरूप छैन । अन्य ट्याक्सीको त झनै कुरै नगरौं । मान्छे हेरेर चालकले भाडा माग्छन् । मिटरमा जाऔं भनेर सयौं बिन्ती गरे पनि मान्दैनन् । छोटो दूरीमा ट्याक्सी जाँदैन । चालकको जिब्रोले भाडा तोक्छ । भक्तपुर जिल्ला उपत्यकाभित्रै पर्छ । तर, सल्लाघारीस्थित पार्किङमा ट्याक्सी होइन, निजी प्लेटका कार पार्क गरिएको हुन्छ।

यो त उदाहरणमात्रै हो। भक्तपुरका अन्य ठाउँमा पनि यही अवस्था छ । गाउँबाट सामान बोकेर आएकालाई निजी प्लेटका गाडी चालकले दिँउसै रात पारिदिन्छन्। एक किलोमिटर बाटोमै एक हजार रूपैयाँ लिन्छन् । सल्लाघारीबाट अनामनगर आएको २५ सय रूपैयाँ लिन्छन्। निजी प्लेटका सवारीले खुलेआम ठग्दासमेत ट्राफिक टुलुटुलु रमिता हेरेर बसेको छ।

यातायात तथा सवारी ऐन, २०४९ र नियमावली २०५४ मा निजी प्रयोजनका लागि दर्ता भएका सवारी साधनले भाडामा यात्रु बोक्न नपाउने व्यवस्था गरेको छ । भाडाको गाडीजस्तो निजी प्लेटको सवारीसाधनले राजस्व तिर्नुपर्दैन। भाडाको गाडीले प्रत्येक छ महिनामा रोड परमिट, जाँचपास र धुँवा पासको राजस्व तिर्नुपर्छ। यता, घरेलु र कम्पनीमा गएर पञ्जीकरण पनि हुनुपर्छ।

तर, निजी प्लेटका सवारीको हकमा यो नियम लागू गरिएको छैन । एउटा सवारीमा गाडी धनीले तीन लाखदेखि करोडौं रूपैयाँ लगानी गरेका हुन्छन् । त्यसबापतको राजस्व खोइ ? आयल निगमले पेट्रोल, डिजेलको भाउ घटाउँदा श्रम, रोजगार तथा यातायात मन्त्रालय र यातायात व्यवस्था विभागले भाडा घटाउने बढाउने गर्छ । निजी प्लेटमा यो पनि लागू हुँदैन।

जनसंख्या बढेको छ । यातायातको खाँचो सबैलाई पर्छ । बिरामी हुँदा, आपत्‌विपत् पर्दा ट्याक्सी चाहिन्छ। तर, पर्याप्त ट्याक्सी नहुँदा निजी प्लेटका सवारीसाधन सञ्चालनमा आएका छन्। निजी प्लेटका सवारीसाधनले यात्रुलाई ठगेर कमाइरहेको छ। यद्यपि, सरकारले राजस्वसमेत नपाएको अवस्था छ । न सरकार यातायात क्षेत्रमा वर्षौंदेखि भएको सिण्डिकेट हटाउन सक्छ न यात्रुलाई सेवा सुविधा नै दिन सक्छ।

यहाँ त जसरी हुन्छ, ठग्ने र लुट्ने हो। हामी सुध्रिनुपर्छ, जिम्मेवार हुनुपर्छ भन्ने यहाँ छैन। ट्याक्सीको लुटधन्दाले सीमा नाघिसकेको छ। मिटरमा नहिँड्ने र २० वर्ष कटेका ट्याक्सीलाई ट्राफिकले कारबाही गरेको छैन । ट्राफिक प्रहरी ट्याक्सी व्यवसायीको अगाडि निरीह बनेको छ।

*– अनुसा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**कलश यात्रा** | दुर्गा पूजाको लागि महोत्तरी जिल्लाको लोहारपट्टी नगरपालिका–७ भ्रमरपुरा गाउँमा आइतबार निकालिएको कलश यात्रा ।

*तस्बिरः सञ्जीतकुमार मण्डल/रासस*

# स्वास्थ्य क्षेत्रमा बजेट र जनशक्ति अभाव

■ **रामबहादुर थापा**

**गण्डकी–** स्वास्थ्य क्षेत्रले बजेट र जनशक्ति अभावको सामना गर्नुपरिरहेको छ । यसले गण्डकी प्रदेशमा स्वास्थ्य सेवाको गुणस्तर र पहुँचमा चुनौती थपिएको छ । प्रदेशको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका अनुसार आधारभूत सेवाका लागि चाहिने औषधि किन्नसमेत पर्याप्त बजेट छैन ।

प्रदेश सरकारले चालु आवमा कूल बजेटको छ प्रतिशतमात्र स्वास्थ्य क्षेत्रका लागि छुट्याएको मन्त्रालयका सचिव डा. विनोदविन्दु शर्माले बताए । 'स्वास्थ्यमा बजेट र जनशक्तिको अभाव छ । वि.सं. २०३५ अघिको दरबन्दी संरचनामा काम गर्नुपर्दा अस्पतालहरूलाई ठूलो चुनौती भइरहेको छ,' उनले भने ।

सचिव डा. शर्माले कतिपय विशेषज्ञ पदमा चिकित्सक माग गर्दा आवेदनसमेत नपरेको सुनाए । 'दरबन्दीअनुसार स्वास्थ्यमा अझै पनि २६ प्रतिशत जनशक्तिको पदपूर्ति हुनसकेको छैन,' उनले भने, 'समयसापेक्षरूपमा अस्पतालहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने अवस्था छ ।'

माग र आवश्यकताका आधारमा विशेषज्ञसहित थप ५०० स्वास्थ्यकर्मी गण्डकी प्रदेशलाई चाहिने मन्त्रालयले जनाएको छ । मन्त्रालयअन्तर्गत ७९३ जनाको दरबन्दी रहेकामा ५९३ जनाको मात्र पदपूर्ति भएको छ ।

मन्त्रालयतर्फ नौ, प्रदेशस्तरीय कार्यालयतर्फ २१, अस्पतालतर्फ १४०, स्वास्थ्य कार्यालयतर्फ २७ र आयुर्वेद कार्यालयमा तीन जनाको दरबन्दी रिक्त रहेको मन्त्रालयका सचिव शर्माले जानकारी दिए । उनका अनुसार मन्त्रालयले अस्पतालको सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउन १६३ जनाको अस्थायी दरबन्दी स्वीकृत गरी जनशक्ति व्यवस्थापन गरेको छ ।

कतिपय अस्पतालमा भित्र्याइएका अत्याधुनिक स्वास्थ्य उपकरण सञ्चालनका लागि पनि जनशक्ति अभाव रहेको मन्त्रालयले जनाएको छ । बजेट अभावका कारण अस्पताल भवनलगायत भौतिक पूर्वाधारका काम पनि प्रभावित बनिरहेको सचिव डा. शर्माले बताए । लमजुङ, स्याङ्जा र दमौली अस्पताल भवन निर्माणमा बजेट अभाव रहेको उनको भनाइ थियो ।

'प्रदेश गौरवको आयोजनाका रूपमा घोषणा गरिएको क्यान्सर, मुटु र मिर्गौला रोगको विशिष्टीकृत अस्पताल निर्माण योजना पनि जग्गा र बजेटको सुनिश्चितता नहुँदा अलपत्र परेको छ,' शर्माले भने, 'मातृशिशु, महिला तथा बाल अस्पताल बनाउने योजना पनि अगाडि बढ्न सकेको छैन ।' उनका अनुसार खोप, औषधि ढुवानीलगायत अत्यावश्यकीय सेवाका लागि चाहिने सवारीसाधनकोसमेत अभाव रहेको छ ।

उपप्रादेशिक तहको धवलागिरि अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. रविरञ्जन प्रधानले जनशक्ति अभावका कारण पूर्णक्षमतामा सेवा दिन कठिन भइरहेको बताए । 'अहिले प्रदेश सरकारले केही विशेषज्ञ चिकित्सक पठाएको छ । चाहिनेजति अझै पुगेको छैन । भएको स्रोत साधनबाट अधिकतम सेवा दिन अस्पताल कटिबद्ध छ,' उनले भने, 'उपप्रादेशिक तहमा स्तरवृद्धि घोषणा गरिएको यस अस्पतालका लागि पूर्वाधार र जनशक्ति पनि सोहीअनुसार व्यवस्थापन हुनुपर्छ ।'

संघीय निजामती सेवा ऐन नबनेकाले पनि प्रदेशमा जनशक्ति व्यवस्थापनमा चुनौती थपिएको मन्त्रालयको भनाइ छ । मन्त्रालयको लक्ष्यअनुसार स्वास्थ्य सेवालाई डिजिटाइजेसन गर्नेदेखि रूपान्तरणकारी आयोजना कार्यान्वयन गर्न स्रोत साधनको कमी हुन नहुने सचिव डा. शर्माले बताए ।

स्रोत साधनको सीमितताका बाबजुद स्वास्थ्य सेवा र पूर्वाधार विस्तारमा आशातित काम भइरहेको उनको भनाइ थियो । प्रदेश सरकारको लगानीमा कास्कीमा २५ शय्याको डायलायसिस केन्द्र, मनाङ र मुस्ताङमा जिल्ला अस्पताल र पोखरामा संक्रामक तथा सरुवा रोग अस्पतालको भवन निर्माण भइरहेको उनले जानकारी दिए ।

शर्माका अनुसार दुई जिल्ला अस्पताल भवन क्रमागत र सरुवा रोग अस्पताल भवन निर्माण बहुवर्षीय आयोजना हो । मुस्ताङ जिल्ला अस्पताल भवन १२ करोड रूपैयाँ, मनाङ जिल्ला अस्पताल भवन १५ करोड ५५ लाख रूपैयाँ र सरुवा रोग अस्पताल भवन ३२ करोड रूपैयाँमा ठेक्का सम्झौता भएको उनले जानकारी दिए ।

गत आवमा मुस्ताङको अस्पतालका लागि पाँच करोड रूपैयाँ, मनाङका लागि छ करोड रूपैयाँ र सरुवा रोग अस्पताललाई आठ करोड रूपैयाँ बजेट विनियोजन गरिएको थियो । सो बजेटमा मनाङ र मुस्ताङ अस्पताल भवन निर्माणको वित्तीय प्रगति भने न्यून देखिएको छ । गत आवमा सरुवा रोग अस्पताल भवनको वित्तीय प्रगति ८७.०३ प्रतिशत भएको सचिव डा. शर्माले जानकारी दिए ।

उनका अनुसार मनाङ अस्पताल भवनको ५८.०६ र मुस्ताङ अस्पताल भवनको ३२.०८ प्रतिशत वित्तीय प्रगति देखिएको छ । पच्चीस शय्याको मुस्ताङ अस्पताल वि.सं. २०७७ चैत २२ मा शिलान्यास गरिएकामा निर्माणले अझै पूर्णता पाउन सकेको छैन । अरु दुई अस्पताल भवनको निर्माण कार्य पनि सुस्त छ । *रासस*

# गोरखा दरबारको दसैं घरमा जमरा राखियो



**गोरखा (प्रस)–** गोरखाको गोरखकाली मन्दिरमा रहेको दसैं घरमा आइतबार विधिपूर्वक जमरा राखिएको छ । बिहान ११ बजेर २९ मिनेटमा जौको जमरा राखिएको गोरखा दरबारका मूलपुरोहित शारदाप्रसाद भट्टराईले जानकारी दिए ।

परम्पराअनुसार बिहान सबेरै (बिहान नाडीको रौ देखिने बेला) झुकझुके उज्यालोमा देवी भगवतीको सवारी गराएपछि कालिका भगवतीको मन्दिर र गोरखनाथ गुफामा जमरा राखिएको उनले बताए । कालिका भगवती मन्दिरको दसैं घरमा नौ मानाको जमरा राखिएको छ । त्यस्तै गोरखनाथ गुफामा एक पाथी जौको जमरा राखिएको मूलपुरोहित भट्टराईले जानकारी दिए ।

वडादसैंको पहिलो दिन मूल दरबारको कैलास कोठाबाट गर्भगृह (पूजा कोठा) मा देवी भगवतीको सवारी गराउने र मूलदरबारमा पानी घडी थापना गरी घटस्थापना गरिएको हो । गोरखाको गोरखकाली मन्दिरमा जमरा राखेपछि मात्र देशभरका हिन्दूधर्मालम्बीहरूले जमरा राख्छन् भन्ने धार्मिक मान्यता रहँदै आएको छ ।

प्रतिपदा सुरु भएसँगै कालिका मन्दिरमा नियमित रूपमा कालोबोका बलिदिने प्रचलन रहँदै आएको छ । यसपटक दसैं अवधिभर ३२ बोका, १२ भेडा, पाँच सुंगुर, एक सतारसहित १५ राँगो र नौ वटा कुखुरा बलिदिने उनले बताए । यसअघि राजसंस्था रहँदासम्म मन्दिरमा १४० वटा भेडाबोका र एक सतारसहित ८४ वटा राँगा बालिदिने प्रचलन थियो । राजसंस्थाको अन्त्य भएसँगै गोरखा दरबार हेरचाह अड्डामा दसैं पूजाका लागि आवश्यक बजेटमा कटौती हुँदै आएकाले पशुपक्षीको बलिसमेत घटाइएको छ ।

यसैगरी घटस्थापनाको बिहानको शुभसाइतमा गोरखाको मनकामना मन्दिरमा पनि जमरा राखिएको मन्दिरका पुजारी इन्सान थापाले जानकारी दिए । मनकामना मन्दिरमा भने मकै र जौको छुट्टाछुट्टै जमरा राखिएको उनले बताए । परम्पराअनुसार विगतदेखि नै छुट्टाछुट्टै जमरा राख्नुपर्ने भएका कारण सोहीअनुसार नित्य पूजा गरी जमरा राखिएको उनको भनाइ छ । गणेश र कलस स्थापना गरी दुवै ठाउँमा जमरा राखिएको हो ।


**सुदूरपश्चिम प्रदेश सरकार**

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
### पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, दिपायल, डोटी

**प्रथम पटक प्रकाशित मिति: २०८०/०६/२९**

यस निर्देशनालयको आ.व. २०८०र०८१ को वार्षिक स्वीकृत वार्षिक कार्यक्रम अनुसार सामुदायिक छाडा पशु व्यवस्थापन (तथ्याङ्क संकलन, पशु स्वास्थ्य, आहारा, भरणपोषण, ढुवानी, कृषकलाई हस्तान्त्रण) कार्यक्रम प्रभावकारी ढंगले संचालन गर्न साझेदारीको अवधारणा अनुरुप पशु कल्याणमा आवद्ध संस्थासँगको सहकार्यमा सम्वन्धित साझेदार निकायवाट प्रस्ताव आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । कार्यविधिले तोके बमोजिमका शर्तहरु पालना गरी साझेदारी गर्न इच्छुक संस्थाहरुले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औं दिन कार्यालय समयभित्र तोकिएको ढाँचा अनुसारको आवेदन फारम र परियोजना प्रस्ताव सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु कैलाली, कंचनपुर, डडेल्धुरा, बैतडी, दार्चुला, डोटी, अछाम, बझाङ्ग र बाजुरामा दर्ता गर्न हुन आह्वान गरिन्छ । साथै सर्त तथा रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत अनुरोध गरिन्छ ।

**कार्यक्रम विवरण:**

| क्र.सं. | कार्यक्रमको नाम | पटक | स्वीकृत वार्षिक वजेट | कार्यक्रम लागू हुने जिल्लाहरु | अनुदान प्रतिशत | स्थल छनौटका आधारहरु |
|---|---|---|---|---|---|---|
| १. | सामुदायिक छाडा पशु व्यवस्थापन (तथ्याङ्क संकलन, पशु स्वास्थ्य, आहारा, भरणपोषण, ढुवानी, कृषकलाई हस्तान्त्रण) | १ | रु.१ करोड (स्वीकृत प्रस्तावहरुको आधारमा अनुदान रकम आवेदकहरुलाई वितरण) | प्रदेश भरीका ९ वटै जिल्लाहरु | ७५ | विगत २ वर्षदेखि गौशाला संचालनमा आएको र छाडा पशुले समस्या पुर्याएको स्थान र सोको दीगो रुपमा व्यवस्थापन गर्न सम्भव स्थानका साथै कम्तिमा ५ सय ठुला पशु व्यवस्थापन गर्ने ठाउँ हुनुपर्ने । |

**प्रस्तावका साथ संलग्न हुनु पर्ने कागजातहरु:**

१) रु. १० को टिकट टाँस गरिएको अनुसूची-२ बमोजिमको आवेदन ।
२) अनुसूची-३ बमोजिमको कार्यक्रमको कार्यविधिमा तोकेको ढाँचामा तयार गरिएको कार्यक्रमको प्रस्ताव पत्र ।
३) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।
४) १० वर्षको भोगचलन गर्ने अधिकार प्राप्त अधिकारिक प्रमाण वा सम्बन्धित स्थानिय तहले जग्गा उपलव्ध गराएको प्रमाण ।
५) प्रचलित कानून बमोजिम आधिकारिक निकायमा संस्था वा फर्म वा व्यावसाय दर्ता नविकरण गरेको प्रमाणित प्रतिलिपी (स्थानिय तह बाहेक) ।
६) सहकारी संस्था वा व्यावसायिक संस्था वा फर्म, कम्पनीको हकमा मल्य अभिबृद्धी कर (VAT) वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।
७) कार्यक्रमको लागि छनौट भएमा संस्थाका सदस्यहरुवाट कार्यान्वयन गर्ने प्रतिबद्धताको निर्णयको प्रतिलिपी ।
८) अघिलो आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता वा दाखिलाको प्रमाणित प्रतिलिपी ।
९) पुर्वाधार संचालनका लागि आवश्यक सडक, बिजुली पानीको उचित व्यवस्थाको दीगो आधार ।
१०) कार्यान्वयन स्थलको फोटो ।
११) स्थानिय तहको सिफारिस पत्र ।
१२) सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस पत्र ।

**नोट**: थप जानकारीका लागि यस निर्देशनालयको फोन नं. ०९४ ४४०१४६ मा सम्पर्क राख्नु हुन र सूचना अधिकारी श्री पुष्करराज नाथ मोबाइल नं ९८५८४४०२२६ मा सम्पर्क राख्न हुन र प्रस्ताव सम्बन्धी अनुसुचिहरु सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र यस निर्देशनालयको वेवसाईट ***www.dolfddipayal.gov.np*** बाट डाउनलोड गरि प्राप्त गर्न सकिने व्यहोरा समेत अनुरोध गरिन्छ ।

**निर्देशक**



## Free Visa!! Free Ticket!! Free Recruitment !!
## कुवेतमा नि:शुल्क वैदेशिक रोजगारको अवसर

**कम्पनी : AL KHARAFI GLOBAL FOR GEN TRADING AND CONTRACTING CO**

पूर्व स्वीकृति मिति २०८०/०६/२५ | LT. No. 293951 | चलानी नं. ६०२०९११८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 12 | 0 | 125 | ५३,७९० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Barista | 15 | 15 | 125 | ५३,७९० | | | | | | | |
| 3 | Cook | 30 | 15 | 135 | ५८,०९५ | | | | | | | |
| 4 | Waiter | 30 | 20 | 115 | ४९,५०० | | | | | | | |

**कम्पनी : RADISSON BLU HOTEL (ALOWLA HOTELS COMPANY)**

पूर्व स्वीकृति मिति २०८०/०६/२५ | LT. No. 293950 | चलानी नं. ६०२०९११८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 10 | 5 | 120 | ५१,६४० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook / Confectioner | 5 | 5 | 130 | ५५,९४५ | | | | | | | |
| 3 | Housekeeping Attendant | 10 | 10 | 120 | ५१,६४० | | | | | | | |
| 4 | Kitchen Steward | 10 | 0 | 120 | ५१,६४० | | | | | | | |
| 5 | Laundry Attendant | 10 | 0 | 120 | ५१,६४० | | | | | | | |
| 6 | Receptionist / Gsa | 5 | 10 | 120 | ५१,६४० | | | | | | | |
| 7 | Waiter / Waiteress | 10 | 10 | 120 | ५१,६४० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक ११ गते (27th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VISION & VALUE

श्रम ईजाजत नं. ८२२/०६६/०६७

**VISION & VALUE OVERSEAS PVT. LTD.**

Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9863194833, 9863194835, 9863194832, 9863194834, 9863194839
9851315983, 9846035174, 9851055165, 9818002688, 9851044323, 9861605199, 9841076393
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com

# प्रभाव दैनिक




## चलचित्र 'चिट्ठी'को फर्स्ट लुक सार्वजनिक

एरा प्रोडक्सनले आफ्नो नयाँ चलचित्र चिट्ठीको फर्स्ट लुक सार्वजनिक गरेको छ । कमेडी, सस्पेन्स तथा थ्रिलर जनरामा बनेको चलचित्रलाई कमला जोशीले निर्माण गरेकी हुन् । माधवराज खरेलको लेखन र निर्देशन रहेको उक्त चलचित्रमा अनिता कुँवर र कृष्णा आचार्य एसोसियट निर्माताको रुपमा रहेका छन् भने सहनिर्माता समिर खान रहेका छन् । चलचित्रलाई सन् २०२४ भित्रै प्रदर्शन गरिने निर्माण पक्षले जानकारी दिएको छ ।






# युक्ती बनिन् 'एनआरएन द सिंगर'




■ प्रभाव संवाददाता

**काठमाडौं–** 'खोजी उत्कृष्ट प्रवासी प्रतिभा' भन्ने मूल नाराका साथ आयोजना भएको पहिलो संस्करणको 'एनआरएन द सिंगर'को उपाधि बेलायतकी युक्ती विमली बनेकी छन् । ग्राण्ड फिनालेका लागि टप फाइभमा स्थान बनाएकी युक्तिमात्रै काठमाडौं आउन सकेकी थिइनन् । खल्ती एपमार्फत गरिएको प्रत्यक्ष भोटमार्फत उनले सर्वाधिक भोट पाएर पहिलो संस्करणको उपाधि जित्न सफल भइन् ।

'भर्चुअल' माध्यमबाट ग्राण्ड फिनालेमा उनले 'गोठालो जाँदा लाएको माया' बोलको गीत प्रस्तुत गरेकी थिइन् । उनी कार्यक्रममा उपस्थित नभएपछि युरोप संयोजक सन्तोष भट्टराईले संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीबाट उपाधि ग्रहण गरिदिएका थिए ।

प्रवासमा रहेका उत्कृष्ट प्रतिभा पहिचान गरी नेपाली भाषा, संस्कृति र सम्पदाको प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित प्रतियोगितामा फस्ट रनरअप जापानका कर्मा दोङ तामाङ बने । यसैगरी सेकेण्ड रनरअपको उपाधि पोर्चुगलका सुवासचन्द्र पुन मगरले जिते । ग्राण्ड फिनालेमा विष्णु क्षेत्री र गुनामगर निसुले पनि प्रतिस्पर्धा गरेका थिए ।

प्रतियोगितामा ३७ देशबाट अडिसनका लागि वेबसाइट, इमेल र ह्वाट्सएपबाट ३०० भन्दा बढीको आवेदन परेको थियो । कार्यक्रमका प्रमुख अतिथि संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री किरातीले नेपाल र नेपालीसँग जोडिने रचनात्मक कार्यक्रम गरेको भन्दै प्रशंसा व्यक्त गरे । पर्यटनको पहिलो आधार नै संस्कृति भएको बताउँदै उनले नेपाल संसारको पर्यटनको केन्द्र रहेको बताए । नेपाल प्रकृति र संस्कृतिको धनी भएकोले यसबाट नेपालले लाभ लिनका लागि गैरआवासीय नेपाली (एनआरएन)ले सहयोग गर्नुपर्नेमा मन्त्री किरातीले जोड दिए ।

एनआरएनएकी अध्यक्ष रवीना थापाले विदेशमा बस्ने नेपालीहरूको भाषा र संस्कृतिको जगेर्ना गर्नका लागि यस्ता कार्यक्रमले मद्दत पुग्ने बताइन् । भाषा र संस्कृति जोगाउनका लागि हामी सबै मिलेर विदेशमा बसेर छोराछोरीलाई नेपालसँग जोड्नका लागि यस्ता कार्यक्रमले आगामी दिनमा निरन्तरता पाउनेमा उनले जोड दिइन् ।

# गायिका योञ्जनको 'वसन्तले' सार्वजनिक




काठमाडौं (प्रस)– गायिका इन्दिरा योञ्जनको नयाँ म्युजिक भिडियो 'वसन्तले' सार्वजनिक भएको छ । उनले आफ्नै युटचुव च्यानलमार्फत उक्त म्युजिक भिडियो सार्वजनिक गरेकी हुन् । यस गीतमा शब्द गोविन्द गिरीले कोरेका छन् भने चन्द्रकुमार दोङको संगीत रहेको छ । संगीत संयोजन पवनवाङ लामाले गरेका छन् ।

भक्त स्याङतानको निर्देशनमा तयार म्युजिक भिडियोको सम्पादन सूर्य लामाले गरेका हुन् । भिडियोमा मिलन थिङ 'पराङ' र रेणुका लामाको अभिनय छ ।

सेलो संगीतमा चर्चित गायिका योञ्जनले केही वर्षको विश्रामपछि नयाँ म्युजिक भिडियो ल्याएकी हुन् । सामाजिक कार्यमा व्यस्तता भएकाले गीतसंगीतमा केही समय ओझेल परेको उनले बताइन् । उनले दर्जनौं तामाङ सेलो गीतमा स्वर दिइसकेकी छन् । 'उँभोउँभो लाग्यो भेँडीको बथान', 'चिसो त पानी,' 'ल्याइदेऊ न आप्पा', 'सेलो संगम', 'चलन चल्ती'लगायत उनका दर्जनौं गीत चर्चित छन् ।

## रंगशाला

**एसिसी प्रिमियर कप क्रिकेट**

# नेपालले बहराइनलाई हरायो

■ प्रभाव संवाददाता

**काठमाडौं–** मलेसियामा जारी १९ वर्षमुनि (यू-१९) प्रिमियर कप क्रिकेट प्रतियोगितामा नेपालले बहराइनलाई सात विकेटले पराजित गरेको छ ।

बहराइनले जितका लागि ७८ रनको सामान्य लक्ष्य दिएको थियो । जवाफमा नेपालले ११.४ ओभरमा तीन विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो । प्रतियोगितामा नेपालको यो लगातार दोस्रो जित हो । यसअघि भएको पहिलो खेलमा नेपालले इरानलाई २७४ रनले पराजित गरेको थियो ।

नेपालको जितमा देव खनाल र अर्जुन कुमालले समान ३२/३२ रनको योगदान दिए । देवले २७ बलमा चार चौका र एक छक्काको मद्दतमा अविजित ३२ जोडेका हुन् । त्यसैगरी अर्जुन ३१ बलमा पाँच चौकासहित ३२ रनमा आउट भए । ओपनर दीपक बोहराले चार रन जोडे ।




बहराइनका अन्स ओबैद सैइदले तीन विकेट लिए । त्यसअघि मलेसियाको बायोमास ओभल क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको बहराइनले ३७.५ ओभरमा सबै विकेट गुमाउँदै ७७ रन बनाएको थियो । बहराइनका मोहम्मद बासिल अब्दुल हाकिमले सर्वाधिक ३४ रनको योगदान दिए । उनले ७७ बलमा दुई चौका र दुई छक्कासहित सर्वाधिक ३४ रन बनाएका हुन् । त्यसबाहेक बहराइका अन्य कुनै पनि खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् ।

बहराइनका कप्तान सीफे रमेशलले छ रन जोडे भने आयन ओबैद सैइदले तीन रन जोडे । सार्थक वैद्दराजु दुई रनमा आउट भए । बलिङतर्फ नेपालका दीपेश कँडेल एक्लैले छ विकेट लिए भने दुर्गेस गुप्ताले चार विकेट विकेट लिए । नेपालले अब आगामी कात्तिक २ गते साउदी अरेबियासँग खेल्नेछ । उक्त खेलमा विजयी भएमा नेपाल सेमिफाइनलमा पुग्नेछ । प्रतियोगितामा शीर्ष तीन टोलीले पाकिस्तानमा आगामी डिसेम्बरमा हुने एसिसी एसिया कप खेल्न पाउनेछन् ।


## चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### चौतारा, सिन्धुपाल्चोक
### बागमती प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०८०/०६/२९)

चौतारा सागाचोकगढ़ी नगरपालिका,चौतारा,सिन्धुपाल्चोकवाट मिति २०८०/०५/२६ गते मध्यान्न राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रित पुर्बक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोल्पत्रदाताहरुको बोलपत्र मुल्यांकन गर्दा न्युनतम मुल्याङ्कीत सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिने भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | निर्माण कार्यको प्रकृति | न्युनतम मुल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट, कन्टिजेन्सी र PS बाहेक) |
|---|---|---|---|---|
| १ | CSGM/NCB/ WORKS-02/2080/081 | Upgrading work of Irkhu Junglechhap satdobato road sector, CSGM-8 | Sophiya Builders, Chautara, Sindhupalchok | १७,९१,५३६।७८ |

प्रमुख प्रशासकीय अधिकृत
चौतारा साँगाचोकगढी नगरपालिका



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH BIN FAHD AL HUSSEIN FARM

पूर्व स्वीकृति मिति २०८०/०६/२५ — LT. No. 293944 — चलानी नं. ६०२०९१३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agricultural Work | 1 | 0 | 1000 | ३५,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक ६ गते (23rd Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**

श्रम ईजाजत नं. ७८८/०६५/०६६

P.O.Box :- 10440, Tokha-9, Gongabu, Kathmandu, Nepal,
Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BRANCH OF SPECIAL FOOD SERVICES RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति २०७९/१०/०९ — पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२८ — LT. No. 280042 — चलानी नं. ६०१९५५३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Labor | 10 | 0 | 1000 | ३५,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक १० गते (27th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sagarmatha International Employment Pvt. Ltd.**

K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : +977-1-4112758, Fax : +977-1-4112759
E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : VAMPTECH MALAYSIA SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०३/२० — पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२८ — LT. No. 266581 — चलानी नं. ६०१८२५००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक ६ गते (23rd Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले  सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला

**B.GAS FOREIGN EMPLOYMENT PVT. LTD.**

श्रम ईजाजत नं. १४५५/०७४/०७५

Dhapasi-9, Basundhara Tole, Kathmandu,Tel: +997-1-4356889



गाजामा इजरायल र हमासबीचको द्वन्द्वको क्रममा प्रभावित प्यालेस्टाइनीहरूको समर्थन गर्न आइतबार अस्ट्रेलियाको सिड्नीमा भेला भएका भीडलाई सम्बोधन गर्दै वक्ता। *तस्बिरः सिन्हवा*

# यौन दुर्व्यवहारको आरोपमा नौ शान्ति सैनिक फिर्ता गरिँदै

**लागोस (नाइजेरिया)–** संयुक्त राष्ट्रसंघले यौन तथा अन्य दुर्व्यवहारको आरोपमा पूर्वी कंगोमा कार्यरत दक्षिण अफ्रिकी दलका नौ शान्ति सैनिकलाई फिर्ता गर्ने बताएको छ।

शान्ति सैनिक र दक्षिण अफ्रिकाका एक वरिष्ठ अधिकारीलाई 'उनीहरूविरुद्धको आरोपको गम्भीरता'लाई ध्यानमा राख्दै तत्काल स्वदेश फिर्ता गर्ने निर्णय गरेको राष्ट्रसंघले शुक्रबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

ती वरिष्ठ अधिकारीले आफूमाथि लागेको आरोपको अनुसन्धानमा अवरोध गरेका र अन्य शान्ति सैनिकलाई धम्की दिएको बताइएको छ। अन्य दुई वरिष्ठ अधिकृतलाई पनि बदलिने राष्ट्रसंघले जनाएको छ। पूर्वी कंगमो शान्ति स्थापनार्थ १२ हजारभन्दा बढी शान्ति सेना तैनाथ गरिएको छ। यस क्षेत्रमा १०० भन्दा बढी सशस्त्र समूह सक्रिय रहेको राष्ट्रसंघले जनाएको छ।

राष्ट्रसंघको आफ्नो प्रारम्भिक मूल्यांकनमा कफर्चुको समय सकिएपछि नौ शान्ति सैनिक वेश्यावृत्ति हुने निषेधित बारहरूमा गएका थिए। उनीहरूमाथि शान्ति मिसनका कर्मचारी र उनीहरूलाई पक्राउ गर्न खोज्ने सैनिकहरूमाथिसमेत आक्रमण गर्न खोजेको आरोप लगाइएको छ। दक्षिण अफ्रिकी अधिकारीहरूले आफ्नो राष्ट्रिय अनुसन्धानकर्मीको परिचालनमार्फत पूर्णसहयोग हुने संकेत गरेको राष्ट्रसंघले जनाएको छ। अधिकारीहरूले पीडितलाई सहयोग गरिने तथा शान्ति स्थापना मिसन कार्यमा राष्ट्रसंघको मानकलाई कायम राखिने प्रतिबद्धता व्यक्त गरेका छन्।

कंगोदेखि हैटीसम्मा परिचालन गरिएका राष्ट्रसंघका शान्ति सैनिकबाट हुने यौन दुर्व्यवहारका यस्ता आरोप विश्वका विभिन्न भागमा नयाँ होइन। थुप्रै घटनामा पीडितहरू बालबालिका हुने गरेका छन्। दुर्व्यवहारको घटना विशेषगरी कंगोमा धेरै भएको छ। सन् २०१७ मा राष्ट्रसंघका विरुद्ध विश्वभर गरिएको दुई हजार यौन दुर्व्यवहारका घटनामा कंगोमा मात्र एक तिहाइ भएको थियो।

राष्ट्रसंघमाथि यस्ता आरोपहरूको सम्बोधनका लागि पर्याप्त काम नगरेको आरोपसमेत लाग्दै आएको छ। गत वर्ष महासचिव एन्टोनियो गुटेर्रेसले यस्ता खालका दुर्व्यवहारलाई उचित सम्बोधन गर्ने नसकिए पनि निरन्तर प्रयास गरेको बताएको थियो। *रासस/एपी*

## अफगानिस्तानमा पुनः ६.३ म्याग्निच्युडको भूकम्प

**काबुल–** अफगानिस्तानको पश्चिमी क्षेत्रमा आइतबार ६.३ म्याग्निच्युटको शक्तिशाली भूकम्प गएको आमेरिकी भौगर्भिक सर्भेले जनाएको छ। यसै महिनाको भूकम्पको शृंखलाले एक हजारभन्दा बढीको ज्यान लिएको क्षेत्रमा पछिल्लोपटक भूकम्प गएको हो।

ग्रिनविच मिनटाइमअनुसार ३ बजेर ३६ मिनेटमा हेरात सहरभन्दा ३३ किलोमिटर टाढा भूकम्प गएको हो। यही असोज २० गते (अक्टोबर ७) हेरातको सोही भागमा ६.३ म्याग्निच्युडको शक्तिशाली भूकम्प र आठवटा परकम्प गएको थियो। उक्त भूकम्पले ग्रामीण घरहरू ध्वस्त पारेको थियो भने एक हजारभन्दा बढीको मृत्यु र सयौं घाइते भएका थिए।

हजारौं भयभित बासिन्दा विनाआश्रय रहन बाध्य भएको र स्वयंसेवकहरूले बाँचेकाहरूको खोजी गरिरहेका बेला सोही तीव्रताको अर्को भूकम्प जाँदा एक जनाको मृत्यु र १३० जना घाइते भएका थिए।

भूकम्पमा परी मर्नेहरूमा ९० प्रतिशतभन्दा बढी महिला र बालबालिका रहेको युनिसेफले बुधबार बताएको थियो। भूकम्पबाट १२ हजारभन्दा बढी नागरिक प्रभावित भएको संयुक्त राष्ट्रसंघले जनाएको छ।

सन् २०२१ मा अफगानिस्तानको सत्तामा आएको तालिबान अधिकारीहरूका लागि ठूलो मात्रामा आश्रयको व्यवस्था गर्न चुनौती हुने छ। तालिबानको अन्तर्राष्ट्रिय दातृ संस्थाहरूको सम्बन्ध खराब छ। *रासस/एएफपी*

## मिनिबस कन्टेनरमा ठोक्किँदा १२ को मृत्यु

**नयाँदिल्ली–** भारतको पश्चिमी राज्य महाराष्ट्रमा आइतबार बिहानै एउटा मिनिबस कन्टेनर ट्रकसँग ठोक्किँदा १२ जनाको मृत्यु र अन्य २३ जना घाइते भएको प्रहरीले बताएको छ।

महाराष्ट्रको राजधानी मुम्बईबाट २६८ किलोमिटर पूर्व छत्रपति सम्भाजीनगर जिल्लाको वैजापुर क्षेत्रमा समृद्धि एक्सप्रेसवे दुर्घटना भएको हो। दुर्घटनाको समयमा मिनिबसमा ३५ यात्रु रहेको समाचार छ। प्रहरीका अनुसार घटनास्थलबाट शवहरू निकालिएको छ। प्रहरीले दुर्घटनाको अनुसन्धान सुरु गरेको जनाएको छ। *रासस/सिन्ह्वा*

## इजरायलले 'आत्मरक्षाको दायराभन्दा बाहिर' काम गरिरहेको छ : चीन

**बेइजिङ–** चीनले गाजामा इजरायलको कदम 'आत्मरक्षाको दायराभन्दा बाहिर' भएको टिप्पणी गरेको छ। चिनियाँ विदेशमन्त्री वाङ यीले गाजामा नागरिकहरूको सामूहिक सजाय इजरायली सरकारले बन्द गर्नुपर्ने बताएको आइतबार प्रकाशित एक विज्ञप्तिमा उल्लेख छ।

इजरायलले गाजामा हमास लडाकुहरूमाथि जमिन आक्रमण गर्ने तयारी गरेको देखिएका बेला विदेशमन्त्री वाङले शनिबार साउदी अरेबियाका आफ्ना समकक्षी राजकुमार फैजल बिन फरहानलाई फोन गरेर उक्त टिप्पणी गरेका हुन्।

'इजरायलको कदम आत्मरक्षाका दायराभन्दा बाहिर गएका छन्,' वाङलाई उद्धृत गर्दै चिनियाँ विदेश मन्त्रालयको एक विज्ञप्तिमा भनिएको छ, 'इजरायलले संयुक्त राष्ट्रसंघका महासचिव र अन्तर्राष्ट्रिय समुदायको आह्वानलाई गम्भीरतापूर्वक सुन्नुपर्छ र गाजाका नागरिकमाथि सामूहिक सजाय बन्द गर्नुपर्छ।' वाङको उक्त टिप्पणी चीनले हालसम्म व्यक्त गरेको टिप्पणीमध्येकै कडा हो।

उत्तरी गाजामा रहेको १० लाखभन्दा बढी सर्वसाधारणलाई अपेक्षित आक्रमण हुनुभन्दा अगाडि नै भाग्न आदेश दिइएको छ। सर्वसाधारणको बाध्यकारी बहिर्गमनले मानवीय संकट निम्तिने भन्दै सहायताकर्मीहरूले चिन्ता व्यक्त गरेका छन्। *रासस/एएफपी*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ROBOU AL-SAMMAN FACTORY FOR READY MIX CONCRETE

पुर्व स्वीकृति मिति २०८०/०४/२४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२८ LT. No. 290580 चलानी नं. ६०२०५८५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६३,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Worker | 1 | 0 | 1000 | ३५,२२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० कार्तिक १ गते (18th Oct. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रू. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARABIAN CONSOLIDATED INDUSTRIAL CLEANING SERVICES CO

पुर्व स्वीकृति मिति २०८०/०६/२६ LT. No. :294000 चलानी नं. ६०२०९१३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 12 | 0 | 1800 | ६३,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० कार्तिक १२ गते (29th Oct. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. १३०५/०७४/०७५

**All Asia Overseas Pvt.Ltd**
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KUPON CENTRAL MARKET FOR FOODSTUFFS AND NON FOODSTUFFS COMPANY

पूर्व स्वीकृति मिति २०८०/०६/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२८ LT No. 293182 चलानी नं. ६०२०८३६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 10 | 10 | 150 | ६४,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० कार्तिक ६ गते (23rd Oct. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**SUPREME OVERSEAS PVT. LTD.**
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INDIAN ZAFFRAN FOOD SERVICES RESTAURANT

पूर्व स्वीकृति मिति २०८०/०६/२६ LT. No. 293958 चलानी नं. ६०२०९१३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Labour | 1 | 0 | 1000 | ३५,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० कार्तिक १० गते (27th Oct. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रू. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH AMER AL SARHAN CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/०४/३० पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२८ LT. No. 290949 चलानी नं. ६०२०६२०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Agent | 4 | 0 | 1000 | ३५,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

कम्पनी : THE TASTY FLAVOR MEALS PROVIDERS COMPANY

पूर्व स्वीकृति मितिः २०७९/०९/१९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२८ LT. No.278664 चलानी नं. ६०१९४३३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Butcher | 1 | 0 | 3200 | ११३,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : AL-EZZ UNITED COMPANY FOR BEVERAGES IS A ONE-PERSON COMPANY

पूर्व स्वीकृति मिति : २०८०/०५/०३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२८ LT. No. 291124 चलानी नं.६०२०६५०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 1 | 0 | 1500 | ५३,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Utensil Cleaning Worker | 1 | 0 | 1500 | ५३,१२० | | | | | | | |

कम्पनी : ABDULLAH AMER AL SARHAN CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/०४/३० पुन विज्ञापन स्वीकृति मिति २०८०/०६/२८ LT. No. 290948 चलानी नं. ६०२०६२०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Agent | 4 | 0 | 1000 | ३५,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० कार्तिक ६ गते (23rd Oct. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। **Reachmond Books Shop** (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217**। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला - ११३००० | प्रति तोला - ११२४५० | प्रति तोला - १३९० |



**राडिपाखी बेच्दै** | संखुवासभाको मुख्य व्यापारिक केन्द्र खाँदबारी बजारमा नगरक्षेत्रभित्र बसोबास गर्ने गुरुङ समुदायका महिलाहरू आफूले बुनेका राडिपाखी बेच्दै । *तस्बिरः सुजन बज्राचार्य/रासस*

# दातृ निकायसँग मिल्नैपर्छ भन्ने छैन : अर्थमन्त्री

■ प्रभाव संवाददाता



**काठमाडौं–** अर्थमन्त्री डा. प्रकाशशरण महतले नेपालको आफ्नै विशिष्ट खालको आर्थिक नीति रहेकाले दातृ निकायले राख्ने दृष्टिकोणसँग फरक पर्नसक्ने बताएका छन् ।

विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)को संयुक्त वार्षिक बैठकमा सहभागी भएर आइतबार स्वदेश फर्किएका अर्थमन्त्री महतले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीसँग कुराकानी गर्दै आर्थिक र मौद्रिक नीतिमा दातृ निकायसँग नेपालको दृष्टिकोण मिल्नैपर्छ भन्ने नरहेको बताएका हुन् 'हामीले अवलम्बन गर्ने नीति र उहाँहरूको बुझाइ एउटै नहुन सक्छ । हामी आफ्नो विशिष्ट खालको नीति लिएर अगाडि बढ्नेमा उहाँहरू पनि सहमत हुनुहुन्छ,' मन्त्री डा. महतले भने ।

दातृ निकाय र विकास साझेदारहरूले मौद्रिक नीतिमा हस्तक्षेप गरेको र नेपालको परिवेश नसुहाउने व्यवस्था जबर्जस्ती लागू गर्न खोजेको भन्ने आरोप निजी क्षेत्रले लगाउँदै आएको छ । चालु पुँजी कर्जा मार्गदर्शनलगायत व्यवस्थामा आइएमएफ हाबी भएको निजी क्षेत्रको बुझाइ छ । तर, अर्थमन्त्री महतले भने कुनै पनि निर्णय नेपालको अवस्था र प्रकृति सुहाउँदो हुने भएकाले दातृ निकायले दिने सबै सुझाव र सर्त कार्यान्वयन गर्नैपर्छ भन्ने बाध्यता नरहने स्पष्ट पारे ।

सहुलियतपूर्ण कर्जाका लागि विश्व बैंक र आइएमएफको संयुक्त वार्षिक बैठकमा नेपालले आफ्ना आधार प्रस्तुत गरेको अर्थमन्त्री महतको भनाइ छ । त्यस्तै, गरिबी निवारणका क्षेत्रमा लगानी गर्ने र नयाँ खालका वित्तीय लगानीका उपकरण पहिचान गरेर लगानी गर्नेबारे छलफल भएको उनले बताए । माथिल्लो अरुण जलविद्युत् आयोजनामा विश्व बैंकले लगानी गर्न चाहेकोमा त्यसलाई कसरी अगाडि बढाउने भन्नेबारे पनि छलफल भएको जनाइएको छ ।

अर्थतन्त्री महतले नेपालको अर्थतन्त्रलाई गति दिने विषयमा थप कुनै प्रयास थाल्नुपर्ने आवश्यकता महसुस भएमा सरकारले त्यसको निर्णय लिनसक्ने पनि बताए । केही दिनअघिमात्र प्रधानमन्त्री पुष्पकमल दाहालले नेपालको आर्थिक अवस्था सुधारका लागि सरकारले उच्चस्तरीय संयन्त्र निर्माण गर्ने बताएका थिए । यस्तो संयन्त्रबारे सरकारले कसरी तयारी गरिरहेको छ ? भन्ने प्रश्नको अर्थमन्त्री महतले अवस्था र परिवेश हेरेर निर्णय दिने बताएका हुन् ।

त्यस्तै अर्थतन्त्रमा अहिले देखिएको समस्या तत्काल देखिएको नभई लामो समयदेखिका समस्या थपिँदै गएर यस्तो अवस्थामा पुगेको अर्थमन्त्री महतको भनाइ छ । 'अहिले देखिएका समस्या तत्काल सिर्जित होइनन् र यी समस्या एकै झट्कामा समाधान पनि हुँदैन । क्रमशः सुधारका प्रयासका नतिजा देखिँदै गएका छन् । आर्थिक क्षेत्रलाई थप गति दिन के गर्ने भनेर सरकार लागिरहेको छ,' अर्थमन्त्री महतले भने ।

अर्थमन्त्री विश्व बैंकको र नेपाल राष्ट्र बैंकका गभर्नर आइएमएफको पदेन गभर्नर रहने व्यवस्था छ । यी बैठकमा वर्षभरिको कार्यसम्पादनमा देखिएका समस्या तथा हासिल भएका प्रगतिको समीक्षा गरी आगामी वर्षको रणनीतिका विषयमा प्रतिनिधि मुलुकबीच छलफल भएको छ ।

# 'चालु आर्थिक वर्षभित्र १० जहाज खरिद गर्छौं'

■ प्रभाव संवाददाता

**काठमाडौं–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले चालु आर्थिक वर्षमा राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) का लागि १० वटासम्म जहाज खरिद गरिने बताएका छन् ।

मन्त्री निवास पुल्चोकमा आइतबार नेपाल विद्यार्थी संघ (नेविसंघ) को ज्ञापनपत्र बुझ्दै उनले निगमको जहाज थपेर भाडादरमा देखिएको विसंगतिलाई बजार हस्तक्षेप गर्नुको विकल्प नरहेको उल्लेख गरे । दसैंअघि नै औपचारिकरूपमा विमान खरिद प्रक्रिया अघि बढाइने उल्लेख गर्दै मन्त्री किरातीले नेपालमा बढीभन्दा बढी विदेशी पर्यटक भित्र्याउन दस वटासम्म जहाज थप्नैपर्ने आवश्यकता रहेको औंल्याए ।

निगमले आन्तरिक उडानका लागि तीनवटा ट्वीनअटर जहाज खरिद गर्ने अन्तिम तयारी गरेको छ । ती जहाज निगमको आन्तरिक स्रोतबाटै खरिद गर्नेगरी आवश्यक प्रक्रिया अगाडि बढाइएको निगमले जनाएको छ । निगमसँग आन्तरिक उडानका लागि दुईवटा ट्वीनअटर जहाजमात्रै छन् । ती जहाजले दुर्गम क्षेत्रका विमानस्थलमा उडान भर्दै आएका छन् । पर्यटनमन्त्री किरातीले आइतबारदेखि नै नेपालगञ्जबाट दुर्गम क्षेत्रका लागि नेपाल एयरलाइन्सको विमान दसैंभरी सञ्चालन गर्ने जानकारी दिए । उनले चाडबाडका बेला हुने कालोबजारी नियन्त्रण गर्न मन्त्रालयले सम्बन्धित निकायसँग छलफल र समन्वय गर्ने पनि बताए ।

नेविसंघका अध्यक्ष दुजाङ शेर्पा नेतृत्वको टोलीले चाडबाडका बेलामा हुने भाडादरमा हुने कालोबजारीलाई नियन्त्रण गर्न र सहुलियत भाडादरको व्यवस्था गर्न माग गर्दै पर्यटनमन्त्रीलाई ज्ञापन बुझाएको हो । देशका केही हिमाली जिल्लामा पुग्न हवाई यतायात मात्र विकल्पको रूपमा रहे पनि सरोकारवालाको कमजोरीले आमसर्वसाधरण हप्तौं दिनसम्म विमानस्थल धाउनुपर्ने परिस्थिति रहेको भन्दै नेविसंघले चाडबाडका बेला सडकको पहुँच नभएका विशेषगरी हिमाली तथा दुर्गम जिल्लामा जनताको आवश्यकतालाई मध्यनजर गर्दै हवाई यातायातलाई सहज र सर्वसुलभ बनाउन माग गरेको छ ।

'दसैं, तिहार, छठलगायत चाडपर्वका बेला आन्तरिक तथा अन्तर्राष्ट्रिय उडानमासमेत स्वेच्छचारी ढंगले हवाई टिकटको मूल्य निर्धारण गरिएको हुँदा तत्काल त्यस विषयमा अनुगमन गर्दै सूक्ष्म निगरानीसमेत गर्न पर्यटनमन्त्री समक्ष अनुरोध गर्दछौं,' ज्ञापनपत्रमा भनिएको छ ।

# इन्टरनेटको पहुँचमा तिलिचो ताल क्षेत्र

**मनाङ–** विश्वकै उच्च स्थानमा रहेको तिलिचो ताल क्षेत्रमा इन्टरनेटको पहुँचमा पुगेको छ । हिमाली जिल्ला मनाङमा अवस्थित तिलिचो तालको भ्रमणमा आउने पर्यटकलाई सहजता कायम गर्न वाइफाइ सेवा सुरु गरिएको हो । तिलिचो ताल, टिसपमा इन्टरनेट जडान गरिएको छ ।

पर्यटक आगमनका क्रममा उच्च स्थानमा लेक लागेर बिरामी पर्नसक्ने भएकाले सहज बनाउन वाइफाइ राखिएको मनाङ ङिस्याङ गाउँपालिका-९ का वडाध्यक्ष चोल्पा गुरुङले जानकारी दिए । उनका अनुसार तिलिचो ताल भ्रमणमा जाँदा आउँदा लेक लाग्नसक्ने सम्भाव्यतालाई सहज बनाउन वाइफाइ जोडिएको हो ।

'वाइफाइ जडान गरिएपछि पर्यटक बिरामी पर्ने हराउने समस्या न्यूनीकरण हुने अपेक्षा गरेका छौं,' उनले भने, 'इन्टरनेटको पहुँच पुगेपछि पर्यटकले यस क्षेत्रबाटै आफ्ना परिवार, साथीभाइलाई सम्पर्क गर्न सक्नेछन् ।' यसले गर्दा पर्यटकलाई नै इन्टरनेटको पहुँचमा रमाउन पाउने अवस्था बनेको उनले बताए ।

तिलिचो बेसक्याम्पस्थित होटल तिलिचो बेसक्याम्पका प्रोप्राइटर कर्म ढेण्डु गुरुङले पर्यटकलाई सहज बनाउन यहाँका पर्यटन व्यवसायी र होटल व्यवसायीको समन्वयमा वाइफाइ सेवा सञ्चालन गरिएको बताए । 'पर्यटकको आवश्यकता र चाहना पूरा गर्ने लक्ष्यअनुसार तिलिचो ताल क्षेत्रमा वाइफाइ राखिएको छ, उच्च स्थानमा सकस हुन सक्ने भए पनि वाइफाइका माध्यमबाट पर्यटकले सहजरूपमा सम्पर्कमा आउन सक्नेछन्,' उनले भने ।

उच्च स्थानमा अवस्थित तिलिचोमा पुगेपछि इन्टरनेटको पहुँचलाई उपयोग गर्ने अवसर बनेको छ । तालमा पुगेर टिकटक, रिललगायतका सामाजिक सञ्जालमा फोटो तथा भिडियो राख्ने वातावरण तयार भएको पर्यटन व्यवसायी बताउँछन् ।

पर्यटक आगमनको समय सुरु हुनासाथ इन्टरनेटको पहुँच पुऱ्याएर सहज बनाइएको व्यवसायी बताउँछन् । तिलिचो लेकमा पुगेपछि पनि होटल तथा पर्यटन व्यवसायीसँग समन्वय हुने र पर्यटकको स्वास्थ्य अवस्थाको जानकारी लिन सकिने व्यवसायी गुरुङले बताए । यसले गर्दा पर्यटक बिरामी परेको अवस्थामा समयमा नै उद्धार गर्न सकिने उनको भनाइ छ ।

मनाङमा पर्यटक आगमन बढ्दै गएको छ । विदेशी पर्यटक हिमाल र पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्न र मनाङबाट थोराङ भञ्ज्याङ उक्लेर मुस्ताङ हुँदै पोखरा जान अन्नपूर्ण पदमार्गमा आउँछन् । मनाङका विभिन्न हिमाल एवं चुली चढ्न तथा हेर्न पर्यटक भित्रिन्छन् ।



पर्यटकीय समयमा दैनिक २०० भन्दा बढी विदेशी पर्यटकको आगमन भइरहेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका कार्यालय मनाङ धारापानीका पर्यटक जाँच तथा सूचना केन्द्रका इन्चार्ज भूपेन्द्र गुरुङले बताए । उनका अनुसार दसैं र तिहारको बीचमा अझै पर्यटक बढ्दै जानेछन् ।

यस पदमार्गमा लमजुङ, मनाङ, कास्की, मुस्ताङ र म्याग्दी गरी पाँच जिल्ला जोडिएका छन् । सन् २०२३ सुरु भएयता हालसम्म १४ हजार २१४ पर्यटक यस पदमार्गमा आएका छन् । यस पदमार्गमा सबैभन्दा बढी इजरायल, फ्रान्स, जर्मनीलगायतका देशका नागरिक आएको उक्त केन्द्रले जनाएको छ ।

केन्द्रका अनुसार यतिबेला दैनिक विदेशीभन्दा आन्तरिक पर्यटक बढी आउने गरे पनि यकीन तथ्यांक भने छैन । यस पदमार्गमा विदेशी र आन्तरिकको भरिभराउले व्यवसायी उत्साहित बन्न थालेका छन् ।

पर्यटकलाई लेक लागेमा स्वास्थ्य उपचारका लागि मनाङ ङिस्याङ गाउँपालिका र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका कार्यालय मनाङको समन्वयमा अस्थायी स्वास्थ्य चौकीबाट सेवा प्रवाह गरिरहेको छ । एक्यापले तिलिचो ताल र थोरांला भञ्ज्याङ जाने पर्यटकलाई स्वास्थ्य तथा सूचना र यात्राका क्रममा हुनसक्ने जोखिमका बारेमा जानकारी गराएर पठाउने गरेको छ । *रासस*

# पेट्रोलियम पदार्थको मूल्य घट्यो

**काठमाडौं (प्रस)–** नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । निगमले आइतबार राति १२ बजेदेखि लागू हुनेगरी पेट्रोल तथा डिजेल/मट्टितेलको मूल्यमा क्रमशः प्रतिलिटर ११ र पाँच रूपैयाँ घटाएको हो ।

निगमका अनुसार चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्जमा पेट्रोलको मूल्य प्रतिलिटर १६९ तथा डिजेलको मूल्य प्रतिलिटर १६५ रूपैयाँ कायम भएको छ । यसैगरी, दाङ र सुर्खेतमा पेट्रोलको मूल्य प्रतिलिटर १७१ रूपैयाँ र डिजेलको मूल्य प्रतिलिटर १६७ रूपैयाँ तथा काठमाडौं, पोखरा र दिपायलमा पेट्रोलको मूल्य प्रतिलिटर १७२ रूपैयाँ र डिजेलको मूल्य प्रतिलिटर १६८ रूपैयाँ तोकिएको छ ।

यसअघि, चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्जमा पेट्रोलको मूल्य प्रतिलिलटर १८० तथा डिजेलको मूल्य प्रतिलिटर १७० रूपैयाँ ५० पैसा, दाङ र सुर्खेतमा पेट्रोलको मूल्य प्रतिलिटर १८२ रूपैयाँ र डिजेलको मूल्य प्रतिलिटर १७२ रूपैयाँ तथा काठमाडौं, पोखरा र दिपायलमा पेट्रोलको मूल्य प्रतिलिटर १८३ र डिजेलको मूल्य प्रतिलिटर १७३ रूपैयाँ थियो ।

इण्डियन आयल कर्पोरेसनबाट आइतबार प्राप्त नयाँ खरिद मूल्यअनसार पेट्रोल र डिजेलको मूल्यमा प्रतिलिटर ११.१८ रूपैयाँ र ५.०३ रूपैयाँले घटेर आएकाले पेट्रोलियम पदार्थ मूल्य घटाइएको हो ।

# तीन अमेरिकीले गरे कुम्भकर्ण आरोहण

**ताप्लेजुङ–** तीन जना अमेरिकी नागरिकले यहाँस्थित जन्नु (कुम्भकर्ण) हिमाल आरोहण गरेका छन् । सात हजार सात सय १० मिटरको उचाइमा रहेको कुम्भकर्ण हिमाल आरोहणका लागि गएका पाँचमध्ये तीन जनाले सफल आरोहण गरेका हुन् ।

ग्राण्ड हिमालय ट्रेक्स एण्ड एक्सपिडिसनबाट आरोहणका लागि गएका अमेरिकी आरोही एलन प्याट्रिक रुसो, माइकल ओरियन गार्डनर र ज्याक्सन मिलर मार्भलले सफल आरोहण गरेको कम्पनीका प्रबन्धक ओङ्मु शेर्पाले जानकारी दिए ।

शेर्पाका अनुसार आरोहणका लागि गएका अन्य दुईजना भने आरोहण गर्न नसकी फर्किएका छन् । अमेरिकन नागरिकले पहिलोपटक यो हिमालको आरोहण गरेको जनाइएको छ । नेपाली समयअनुसार शनिबार बिहान ४:२० बजे तीन जनाले सफल आरोहण गरेको शेर्पाले बताए ।

आरोहणका लागि जोखिम मानिने कुम्भकर्ण हिमालमा सफल आरोहण हुनुलाई उल्लेखनीय उपलब्धिका रूपमा लिइएको शेर्पाको भनाइ छ । यसअघि फ्रान्स र रुसका आरोहीले कुम्भकर्णको आरोहण गरेका थिए । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ